पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ | अङ्क : २१ | २०७२ पुस १७ गते शुक्रबार (Jan 1 , 2016) | मूल्य रू. १०/-

## शीर्ष नेतालाई भूकम्पपीडितको उपहार

काठमाडौं । गत वैशाख १२ गते गएको भूकम्पले गर्दा घरबारबिहीन भएर बस्न बाध्य भएका भूकम्पपीडितहरूले ९ महिना बितिसक्दा पनि उचित सहयोग पाउन सकेका छैनन् । सुशील कोइराला नेतृत्वको सरकारले भूकम्पपीडितहरूलाई राहत दिने भनेर घोषणा गरेको दुई लाख रूपैयाँसम्म दिन केपी ओली नेतृत्वको सरकार असफल सावित भएको छ ।

जाडो मौसममा भूकम्पपीडितका लागि विनियोजित कपडाको रकम राजधानीसँगै जोडिएको धादिङका भूकम्पीडितहरूले. हालसम्म नपाएको भन्दै त्यहाँका भूकम्पपीडितहरूले दलका शीर्ष नेताहरूलाई टोपी, पन्जा र सुतीको पछ्यौरा उपहार पठाएका छन् । टोपी र पन्जा ऊनका छन् । धुसा गाविकास भूकम्पपीडित गुणराज त्रिपाठीलगायतको (**बाँकी अन्तिम पेजमा**)

# ‘राजतन्त्रको पुनर्स्थापना नै विकल्प’

काठमाडौं । राजतन्त्रको पुनर्स्थापना नै विकल्प हो । यो निष्कर्ष विप्लव माओवादीको । अहिलेको संकटको अन्त्यका लागि सैनिक कूबाट राजतन्त्रको पूनर्स्थापना हुनसक्छ भन्ने विप्लव माओवादीका केन्द्रीय सदस्य भरत बमले आफ्नो सामाजिक सञ्जालमा विचार राखेपछि राजनीतिक मैदानमा निकै तहल्का मच्चिएको छ । यद्यपि राजतन्त्रले २०६५ साल जेठ १५ गते गणतन्त्र कार्यान्वयन भएपछि जनताले खोजे म यही छु भन्नेवाहेक कुनै सक्रिय राजनीतिको झल्को अथवा झस्का दिएको छैन । तथापि बल्ल बिप्लव माओवादीले मुख खोलेपछि देशव्यापी रूपमा राजनीतिज्ञहरू झल्यास्स भएको जस्तो परिदृश्य देखिएका छन् ।



विप्लव माओवादीको यस कथनलाई डा.बाबुराम भट्टराईले प्रचण्ड र शेरबहादुर देउवा भारत पुगेर दिएको आश्वासनलाई पनि गाँसेर विश्लेषण गर्न थालेका छन् । बाबुरामले भनेका थिए- एमाओवादी र कांग्रेसका नेताहरू दिल्ली पुगेर एउटा आश्वस्तता दिएर आउँछन् र नेपाल फर्केपछि अर्कै काम गर्छन् । त्यसबाट भारत रिसाएको हुनसक्छ ।

संविधान घोषणा गर्नुअघि प्रचण्ड र देउवा दिल्ली पुगेका थिए । राजनीतिक बर्गमा विश्वास छ कि यी दुबै नेताले हिन्दूराष्ट्र राख्न र पूर्वराजालाई कुनै प्रकारको स्पेस दिनेकुराको आश्वस्त पारेर आएका थिए । तर, भारतका विदेश सचिव काठमाडौंमै आएर ३ दिन संविधान जारी गर्न हतार नगर्न आग्रह गर्दा पनि प्रचण्ड र ओली मानेनन् र द्रूतगतिले संविधान जारी गरे । सत्तामा पुगे । यसैको परिणति मधेस आन्दोलन चर्कियो, भारतले अघोषित नाकावन्दी गरिदियो । जसको परिणाम नेपालको आर्थिक अवस्था र नेपालीको दैनिकी जीवन नै अस्तव्यस्त भइदियो । असोज ३ पछिको नाकावन्दी र ४ महिना लामो मधेस

(**बाँकी अन्तिम पेजमा**)

## दिल्लीको दम, दूतावासको गम

काठमाडौं । दिल्लीबाट हिजो बिहानै खबर आयो- संविधान संशोधन प्रक्रियाले नेपालको स्थिति सहज हुने आशा गर्न सकिन्छ । यता भारतीय दूतावासबाट राजदूत रंजितरेले रिपोर्टर्स क्लव पुगेरै झ्याली पिटे- नेपाल सरकार, प्रतिपक्षी दल र आन्दोलनकारीवीचको सहमतिको प्रयासलाई भारतले समर्थन गरेको छ, अव स्थिति सार्थक र परिणाममुखीह हुनसक्छ ।

राजदूत रेले खुलासा गरे- समाधानको फ्रेमवर्क तैयार भइसक्यो । यही फ्रेमवर्कमा गम्भीर वार्ता र संवाद हुने हो भने छिटै समाधान निस्कनेछ । (**बाँकी अन्तिम पेजमा**)

## मधेस आन्दोलन अन्त्य हुने संकेत

**अभियान संवाददाता**

काठमाडौं । संविधानसभाले संविधान जारी गर्नु पूर्व नै संविधानसभा छाडेर आन्दोलनमा गएका केही मधेसवादी दलहरू र नेपाल-भारत सीमा नाकामा धर्ना जारी रहेकै बेला आन्दोलनरत दलहरूभित्र मनमुटाव सुरू भएको छ । संविधान जारी भएको एक सय दिन पुगेको छ । मधेसमा अहिले पनि आन्दोलन जारी रहेपछि मधेसकै जनताले आन्दोलनको विरोध गर्न थालेका हुनाले अबको केही दिनभित्रै मधेसवादी दलहरूले अन्दोलनको स्वरूप फेर्नुपर्ने बाधयता उनीहरूलाई आइपरेको छ ।

भारतले लगाएको अघोषित नाकाबन्दी र मधेसमा भएको आन्दोलनले गर्दा मुलुकको अर्थतन्त्र डामाडोल अवस्थामा पुगेको छ । विकास निर्माणका



कार्यहरू प्रायः ठप्प भएका छन् भने जनताको दैनिकीसमेत प्रभावित भएको छ । वैशाख १२ गते गएको भूकम्पले गर्दा पीडित भएका जनताले अझ कष्टकर जीवन बिताउनु



परेको यथार्थलाई ध्यान राख्दै मधेसवादी दलहरूले आन्दोलन अन्त्य गरेर आफ्ना जायज मागहरू पुरा गराउन सरकारलाई

(**बाँकी अन्तिम पेजमा**)

## अख्तियार अझै जाग्नु आवश्यक

**अभियान संवाददाता**

काठमाडौं । भ्रष्टाचार नियन्त्रण गर्न संवैधानिक रूपमा गठन भएको अख्तियार दुरूयोग अनुसन्धान आयोगलाई साना माछालाई मात्र कानुनी दायरामा ल्याएको र ठूला माछालाई कानुनी दायरामा ल्याउन नसकेको आरोप लागिरहेका बेला आयोगले सशस्त्र प्रहरीका बहालवाला आईजिपी कोषराज वन्तलाई कानुनी दायरामा ल्याएका केही दिन बित्न नपाउदै त्यही सशस्त्र प्रहरी बलका तीन पूर्वआईजिपीहरूलाई समेत कानुनी दायरामा ल्याएर उनीहरूलाई १० करोड धरौटीमा रिहा गरेपछि अख्तियारप्रति जनताको विश्वास बढेको छ । चौबिसै घन्टा जनताको सुरक्षामा खटिनु पर्ने प्रहरीको उच्चतहमा आसिन व्यक्तिहरूले नक्कली बिलभरपाई बनाएर राज्यकोषको दुरूपयोग



गर्नुले सम्पूर्ण राष्ट्रसेवकहरूको शीर गिरेको अनुभव गर्नसकिन्छ ।

(**बाँकी अन्तिम पेजमा**)

## प्रधानमन्त्री ओलीलाई डा. केसीको खबरदारी



काठमाडौं । डा.गोविन्द केसीले पटक पटक अनसन बसेर विधिअनुसार मेडिकल कलेज सञ्चालन गर्न सरकारलाई बाध्य पारेका हुन् । सरकारले डा. गोविन्द केसीका मागमा सहमति जनाएर राज्यले मेडिकल शिक्षानीति बनाउन प्रतिवद्धता पनि जनाएकै हो । तर, एमालेले सितापाइलामा खोलेको मनमोहन मेडिकल कलेजले पूर्वाधार नपुगेको र चिकित्साशिक्षानीति विपरित भएको भनेर तत्कालीन सरकारबाट अनुमति नपाएपछि सहकारी र प्रतिष्ठानको नाममा त्यो कलेजलाई मान्यता दिलाउन एमालेका नेता तथा मेडिकल कलेजका अध्यक्ष राजेन्द्र पाण्डे र एमालेका अध्यक्ष तथा प्रधानमन्त्री केपी ओली कस्सिएर लागेका छन् । यो देखेर डा. केसीले चोरबाटोबाट चिकित्सा शिक्षा नीति बिगार्न पाइन्न, राज्यले गरेको प्रतिवद्धता तोडिए फेरि अनसन बस्छु भनेर एकभँहप्ते खबरदारी गरिदिएका छन् ।

डा.केसीले वक्तव्य नै निकालेर भनेका छन्- पछिल्लो सम्झौता लगत्तै काम शुरू गरेको भए अहिलेसम्म चिकित्सा शिक्षा

(**बाँकी अन्तिम पेजमा**)

## सत्ता छोड- प्रम केपी !

अब प्रधानमन्त्री केपी शर्मा ओली र उनको जम्बो मन्त्रीमण्डललाई यो मुलुकले झेलिरहनु पर्ने कुनै कारण छैन । एउटा कुनै क्षेत्र, कसैले देखाइदेओस्, यो सरकारले सफलता प्राप्त गरेको ? कुनै क्षेत्र पनि त छैन । सबै क्षेत्रमा असफल भइसक्यो, वर्तमान सरकार । अघोषित नाकाबन्दी ( भारतद्वारा) र मधेसी मोर्चाको आन्दोलनका कारण इन्धनलगायतका अत्यावश्यक समानहरू (औषधीसमेत) बजारबाट गायब भइरहेको बेला, वा ‘फेला’ परेता पनि चर्को मूल्य तिर्नु परिरहेकै थियो । त्यसमाथि खाद्यान्नमा भएको अचम्मले मूल्यवृद्धि र अहिले तरकारीमा सुरू गरिएको भारी मूल्यवृद्धिले गर्दा नेपाली जनता आक्रान्त बनेका छन् ।

सर्वसुलभ केही छैन ...सही मूल्य कसैको छैन । सरकार र उसका



शाश्वत शर्मा खतिवडा

निकायहरू फितलो सावित भएका छन् । विरासतमा पाएको नाकाबन्दी र तराई मधेस आन्दोलनलाई समाप्त पार्ने कुनै योजना नै छैन सरकारसँग । अझ सबैभन्दा रमाइलो कुरा (अघोषित) नाकाबन्दी गरिहेको भारतले चाहेको के हो ? त्यो नै बुझ्न सकिरहेको छैन (?) सरकारले । भारतसँग कुरा गर्न वार्ता समिति नै बनाऔं भन्छ- कस्तो लाचार र निरिह सरकार । हेर्दा चालिस-चालिस जनाको मन्त्रीमण्डल छ (अझ थपिंदैछन्), तर कामको कुरामा एउटा सिन्को भाँच्न सक्या छैन ।

अब उता भूकम्पपीडित र तिनको राहतको कुरा नगरौं । भूकम्प पीडितलाई राहत स्वरूप आएको खातामा ९० अर्ब रूपैयाँ छ, गोदाममा खाद्यान्न सडेको सडेकै छन्, लत्ताकपडा त्यत्तिकै कुहिएर जान थालिसके.... तर नालायक सरकार त्यसको सही समयमा सही तरिकाले वितरण गर्न नसकेर पीडितहरूलाई मारिरहेको छ । ...प्राधिकरण विधेयक पास गर्न र उक्त प्राधिकरणमा सिईओ नियुक्त, गर्न नै समय खर्चेको सरकारले आफ्नो असक्षमताका कारण यो ठण्डीमा भूकम्पपीडितहरूलाई मारिरहेको

(**बाँकी अन्तिम पेजमा**)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

# जनताको मन जिते मात्र सरकार टिक्छ

प्रधानमन्त्री केपी ओली पार्टी अध्यक्ष रहेको बेलामा उनको सबैले प्रसंशा नै गर्थे । जब उनी प्रधानमन्त्री भए अहिले उनको लोकप्रियता घटेको छ । आफ्नो मन्त्रिपरिषद्लाई टिकाउनका लागि उनले गलत निर्णयको साहरा लिएका छन् । २०७२ वैशाख १२ गते गएको भूकम्पले गर्दा लाखौं व्यक्तिहरु घरबारबिहीन अवस्थामा रहेकै बेला भारतले लगाएका अघोषित नाकाबन्दीले भूकम्पपीडितले राहत सम्म पाउन सकेका छैनन् । हिउँदको चिसो जाडोमा भूकम्पपीडितहरु धमाधम मत्युवरण गरिहेको अबस्थामा प्रधानमन्त्री ओली भने मन्त्रालय विभाजन गरेरै भएपनि आफ्नो मन्त्रिपरिषदलाई जोगाउन लागेका हुनाले उनी आलोचनाका पात्र बनेका छन् । सत्ता टिकाउने र निजी स्वार्थले प्रेरित भएर प्रधानमन्त्री ओलीले दुई दिनमा चार मन्त्रालय थप्ने निर्णय आफ्नो मन्त्रिपरिषद्बाट गराएर गरिब मुलुकको अर्थतन्त्रमा वार्षिक ६ अर्बभन्दा बढीको दायित्व थापिदिएका छन् ।

बिहीबार स्वास्थ्य, जनसंख्या तथा विज्ञान, प्रविधि तथा वातवारण र शहरी विकास मन्त्रालयलाई टुक्राएर स्वास्थ्य, जनसंख्या तथा वातवारण र विज्ञान तथा प्रविधि, शहरी विकास र खानेपानी तथा सरसफाई मन्त्रालय बनाएकोमा भोलीपल्टै त्यसैगरी कृषि विकासलाई फुटाएर कृषि विकास र पशु विकास मन्त्रालय र वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई फुटाएर वाणिज्य र आपूर्ति मन्त्रालय बनाइएको छ । प्रधानमन्त्री ओलीले नयाँ मन्त्रालय गठन गरेर नयाँ मन्त्री थपेर सरकारमा सहभागी गराउनु र आफ्नो नेतृत्वको सरकारलाई जोगाइ राख्न भागवण्डा मिलाउनु बाहेक अन्य केही आधारहरु देखिँदैन । विना अधार मन्त्रालयहरु टुक्राउन बहुदलीय व्यवस्थापछि शेरबहादुर देउवाले सुरु गरेको गलत परम्पराको ओलीले समेत अनुशरण गरेका छन् । आफ्नो सरकारलाई जोगाइराख्ने नियतले तत्कालिन प्रधानमन्त्री माधव नेपाल, बाबुराम भट्टराईले समेत मन्त्रालयहरु टुक्राएर सरकार टिकाउने प्रयास गरेपनि उनीहरुको सरकार समेत टिक्न सकेका थिएनन् ।

२०४८ सालसम्ममा मुलुकमा २१ वटा मन्त्रालय मात्र थिए । अहिले मन्त्रालयको संख्या ३० पुऱ्याइएको छ । कुनै वैज्ञानिक आधार र अध्ययन विनै मन्त्रालयहरुको संख्या थपिएपछि थपिएका मन्त्रालयहरुसँगै मन्त्री, सचिव, सहसचिव, उपसचिव र तीनका मातहतमा एकहजारभन्दा बढी कर्मचारीको दरबन्दी थपिन्छ । कर्मचारीको दरबन्दी थप गर्नु पर्दा संगठन तथा व्यवस्थापनको अध्ययन गर्ने कानुनी प्रावधान रहेको अवस्थामा मन्त्रालय थप्दा मन्त्रीसँगै सचिव, सहसचिव, उपसचिवलगायतका अन्य कर्मचारीहरुका बारेमा कुनै अध्ययन नै नगरी मन्त्रालयहरुको संख्या थप्नुले निजामति सेवा ऐनसहितका विभिन्न कानुननको उल्लंघन भएको छ । थपिएका मन्त्रालयहरुमा मन्त्री, सचिव, सहसचिवलगायतका अन्य कर्मचारीहरुको लागि ठूलो रकम खर्च हुन्छ । अहिले भएकै मन्त्रालयहरुलाई सिंहदरबार क्षेत्रमा बस्ने ठाउँ नभएको र कतिपय मन्त्रालयहरु एउटै भवनमा दुईवटा मन्त्रलाय बसेका छन् । अहिले गठन गरिएका मन्त्रालयहरुलाई सिंहदरबारमा बस्ने ठाउँ नभएकाले नयाँ मन्त्रालयका लागि सिंहदरबार बाहिर घर भाडामा लिनु पर्ने भएकाले त्यहाँ ठूलो रकम खर्च हुन्छ । यसरी हचुवाका भरमा मन्त्रालय थप्दै जाने हो भने एकदिन मुलुक नै टाट पल्टिन सक्छ । एउटा नयाँ मन्त्रालय थपिँदा राज्यकोषमा करिब डेढ अर्ब रुपैयाँ व्ययभार थपिन्छ । अहिले थपिएका चार मन्त्रालयका लागि ६ अर्ब रुपैयाँ व्ययभार राज्यकोषमा थपिन्छ । जुन रकमले भूकम्पबाट तहसनहस भएका दुई जिल्लाको सम्पूर्ण भौतिक संरचना निर्माण गर्न सकिने अवस्था हुँदा हुँदै मन्त्रालय थप्नुको औचित्य के ?

प्रधानमन्त्री मन्त्रालय थप्ने र मन्त्रिपरिषद् जम्बो बनाउने कार्य गरेर जनताको आलोचनाको पात्र मात्र बनेका छैनन्, संवैधानिक प्रावधान पालना गर्ने राजनीतिक र नैतिक दायित्व समेत गुमाएका छन् । नेपालको संविधानको भाग ७ को धारा ७६ को दफा १० मा प्रधानमन्त्रीसहित बढीमा २५ सदस्यीय मन्त्रिपरिषद् गठन हुने उल्लेख छ । प्रशासन सुधार आयोग २०४८ र सर्वाजनिक खर्च पुनरावलोकन आयोग २०५७ तथा बहालवाला उच्चस्तरीय प्रशासन सुधार कार्यान्वियन तथा अनुगमन समितिले संघीय संरचनामा गएपछि मन्त्रालयको संख्या १८ मा समिति गर्नुपर्ने सुझाव दिएको छ । त्यसलाई समेत प्रधानमन्त्री ओलीले उल्लंघन गर्दै आगामी निर्वाचनपछि आउने सरकारका लागि संवैधानिक प्रावधान अनुसार मन्त्रालय घटाउने र व्यवस्थापन गर्ने चुनौती समेत थपिदिएका छन् । यसरी सत्ता टिकाउने खेलमा लागेर मन्त्रालयको संख्या बढाउँदै जाने हो भने त्यसले आर्थिक विकासमा कस्तो असर पर्ला ?

भूकम्प र भारतीय नाकाबन्दी अनि केही मधेसवादी दलहरुले गरेको अन्दोलनले गर्दा मुलुकको अर्थतन्त्र डामाडोल भएको बेला सरकार नाकाबन्दी हटाउने, मधेस आन्दोलनलाई समाप्त गर्ने प्रमुख उद्देश्यका साथ अघि बढ्नु पर्ने बेलामा मन्त्रालयको संख्या थप्नु र सत्ता टिकाउने खेलमा लाग्नुले भूकम्पपीडितहरुको आत्मा रोएको छ । मुलुक लोडसेडिङको मारमा परेको छ । ग्याँस अभावले जनताको चुलो बन्द भएको छ । यस्तो बेला मन्त्रीहरुको जम्बो टोली बनाएर सरकार टिक्न सक्छ भन्नु गलत हो । सरकार जनताको मन जितेर मात्र टिक्न सक्छ । त्यसैले गलत नीतिलाई बन्द गरेर मुलुकका समस्या समाधान गर्नतर्फ लाग्न हामी अग्रह गर्दछौं ।

# प्रधानमन्त्री ओली असफलताको मार्गतर्फ उन्मूख

देवेन्द्र चुडाल

केपी ओली प्रधानमन्त्री भएको झन्डै ८० दिन पुग्न लागेको छ । २०४६ सालपछि प्रधानमन्त्री बनेका सबै व्यक्तिहरू मध्ये जनताबाट ठूलो समर्थन पाएकाहरू मध्ये ओली नै पर्छन् । उनी अप्ठ्यारो अवस्थामा प्रधानमन्त्री बनेका भएपनि जनताले उनलाई सहयोग र समर्थन गरिरहेका भएपनि पछिल्लो समयमा प्रधानमन्त्री ओलीले जनताले दिएको समर्थनलाई बचाइराख्न सकेनन् । भारतले अघोषित नाकाबन्दी लगाएको भएपनि जनताले दुःख, कष्ट सहेर पनि प्रधानमन्त्री ओलीको अडानलाई समर्थन जनाइरहेका छन् । तर प्रधानमन्त्री ओलीले जनताले दिएको समर्थनलाई जनताको कमजोरीका रूपमा लिएर हो वा अन्य कुनै कारणले हो, जनताको भावना विपरितका कार्यहरू गरिरहेका छन् । भारतले लगाएको अघोषित नाकाबन्दी र केही मधेसवादी दलहरूले गरेको मधेस आन्दोलन अनि २०७२ वैशाख १२ गते गएको भूकम्पको मारमा परेका जनतालाई राहत दिन ओली नेतृत्वको सरकार पूणरूपमा असफल सावित भएको छ । मधेस आन्दोलनलाई वार्ताको माध्यमबाट समाधान गर्नुको बदला प्रधानमन्त्री ओली अनेक उखान तुक्का जोडेर भाषण गर्दै हिंडेका छन् । आफ्नो पार्टीको काममा जाँदा पनि ओलीले राज्यकोषको दुरूपयोग गरिरहेका छन् । यी विविध कारणहरूले गर्दा लाग्छ, प्रधानमन्त्री ओली पनि यसअघिका असफल प्रधानमन्त्रीहरूकै बाटो समात्न थालेका छन् । ओली प्रंधानमन्त्री हुनु अघिका अडान र प्रधानमन्त्री भइसकेपछिका अडानमा परिवर्तन आएको छ । पछिल्लो समयमा आफ्नो सरकार बचाउनका लागि उनले एक दुई सिट संसदमा भएका व्यक्तिहरू मन्त्रालय विभाजन गरेर मन्त्री बनाएका छन् । एउटा मन्त्रालय विभाजन गरेर अर्के मन्त्री र मन्त्रालय बनाउँदा राज्यकोषमा झण्डै डेढ अर्ब बोझ थपिने भएपनि प्रधानमन्त्री ओली मन्त्रालय विभाजन गर्न उद्दत रहनुले ओलीको अडानमा समेत दम्भ नरहेको प्रमाणित भएको छ ।

२००७ सालबाट हिसाब गर्दा ६५ वर्षमा मुलुकमा ४७ वटा सरकार बनिसकेका छन् । ओली ४७ औं प्रधानमन्त्री हुन् । सरसर्ती हेर्दा यस अघिका सरकार जस्तै ओली सरकार पनि सरकारका लागि सरकारजस्तो मात्र बन्दै गएको देखिन्छ । ओली सरकार गणतान्त्रिक संविधान जारी भइ लागु भएपछिको पहिलो सरकार हो । यस सरकारसँग जनताले ठूलो आशा र भरोसा गरेका थिए । तर ओली सरकारले जनताले गरेको आशा एवं भरोसालाई स्वीकार गर्न सकेको देखिएको छैन । यो सरकारसँग लोकतान्त्रिक गणतन्त्रको आदर्शलाई माथि लैजाने दायित्व समेत रहेको छ । त्यसैले यो सरकारले विगतको आवाज सुन्नै पर्छ । तर, ओली सरकारको काम, कर्तव्य र दायित्वलाई हेर्दा ओली, उनको पार्टी सरकारमा सहभागीको इतिहास हेर्दा ओली सरकारले आफ्नो जिम्मेवारी पुरा गर्ने आजसम्म कुनै लक्षण देखाउन सकेको छैन । त्यसैले यो सरकार पनि सरकारका लागि सरकार रूपमा मात्र जनता सामु उभिएको छ । न त यो सरकार इतिहासले दिएको दायित्व पुरा गर्नेतर्फ उन्मूख भएको छ, न त आफ्नो जिम्मेवारी दायित्वप्रति नै जिम्मेवार देखिएको छ । ओली सरकार सिद्धान्त, कार्यशैली र गुणले पनि यो सरकार कतै पनि ऐतिहासिक सरकारका रूपमा अगाडि आउन सकेको छैन ।

अहिले हामीसँग नयाँ संविधान छ । त्यसमा पनि संधिवानसभाले निर्माण गरेको छ । संविधानसभाले निर्माण गरेको संविधानलाई जनताले आफ्नो लागि आफैं बनाएको संविधानका रूपमा स्वीकार गरिने विश्वव्यापी सिद्धान्त रहेपनि हामीकहाँ भने त्यो स्वीकार गरिएको अवस्था रहेन । त्यसैले केही मधेसवादी दलहरूले नयाँ संविधानले मधेसी, दलित, महिला, पिछडिएको वर्ग र जानजातिहरूले नेपालको अन्तरिम संविधानले दिएका अधिकारहरू समेत जनताले बनएको संविधानले कटौती गरहेको भन्दै झण्डै एक सय २५ दिनदेखि मधेसमा आन्दोलन गरिहेका छ्न । नयाँ संविधानले कसैका अधिकारहरू कटौती गरेको छैन भनेर सरकारले जनतालाई बुझाउनु पर्नेमा सरकारले त्यसो गर्न सकिरहेको छैन । संविधानकै कारण भारतले अघोषित रूपमा नाकाबन्दी लगाइरहेको छ । मुलुकको अर्थतन्त्र नै थाङथिलो अवस्थामा पुगेको भएपनि सरकार नाछँकाबन्दीलाई कसरी हटाउने र आफ्नो मुलुकको अर्थतन्त्रलाई कसरी अघि बढाउने भन्ने पक्षमा लागिपरेको देखिँदैन । अहिले जनता आफ्नो शान्ति, समृद्धि, विकास र दायित्वप्रति सचेत रहेका छन् । हमीसँग आफैंले बनएको नयाँ संविधान छ । यी यस्ता अवसर ओली सरकारसँग रहेका छन्. । जुन यसभन्दा अगाडि थिएनन् । अवसरसँगै ओली सरकारसामु अनेक चुनौतीहरू समेत रहेका छन् । त्यो मध्ये सबैभन्दा ठूलो चुनौती संविधानको कार्यान्वयन हो । भूकम्प र नाकाबन्दीले नराम्रोसँग थला परेको अर्थतन्त्रलाई माथि लैजाने चुनौती ओली सरकार सामु रहेको छ । यी सबै चुनौतीहरूलाई सही रूपमा समाधान गर्दै सरकार अघि बढ्नु पर्नेमा त्यस्तो लक्षण देखिएको छैन । सरकारमा रहेका दलहरूले एकलेअर्कोलाई विश्वासमा लिन सकेको अवस्था देखिएको छैन । विभिन्न दलहरू मिलेर गठन भएको संयुक्त सरकारको भावनाबाट अगाडि बढ्नु पर्नेमा विभिन्न दलहरूले पाएका मन्त्रालयहरू आ–आफ्नो पार्टीको पेवा सम्झेर पार्टीगत स्वार्थका लागि सरूवा, बढुवा र नियुक्ती गर्न थालेका हुनाले सरकारको स्थायित्वमाथि अहिले नै प्रंश्न उठ्न थालिसकेको छ । हाम्रो आर्थिक वृद्धिदर ३.५ प्रतिशतभन्दा तल झर्नेविज्ञहरूले बताइरहेक बेला त्यसलाई उकास्न कुनै कार्यक्रम र नीति नै सरकारले ल्याउन सकेको छैन । भारतको अघोषित नाकाबन्दी र निरन्तररूपमा मधेसमा भएको आन्दोलनले गर्दा दुई हजारभन्दा बढी उद्योगहरू बन्द भएका छन् । त्यसमा काम गर्ने हजारौं हजार कामदारहरूले रोजीराटी गुमाइसकेका छन् । उद्योग र निर्माण क्षेत्रमा काम गर्ने झन्डै ४ लाख कामदारहरूले रोजीरोटी गुमाउनु परेको यथार्थलाई सरकारले बुझ्न सकेको देखिँदैन । सरकारले रोजगारी थप्नु छ, पूर्वाधार बनाउनु छ, बिजुली उत्पादन गरेर बढ्दो लोडसेडिङलाई हटाउनु छ । यी तमाम कार्यहरू हुँदा हुँदै प्रधानमन्त्री ओली आफ्नो सरकारलाई टिकाइराख्न विगतका सरकारलेहरूले गर्ने गरे झैँ मन्त्रालयहरूलाई फुटाउन उद्दत रहनुले विगतका सरकार र ओली सरकारमा के फरक भन्ने प्रश्न समेत चर्चाको विषय बन्न पुगेको छ । पछिल्लो समयमा भ्रष्टाचार समेत बढेको छ । महँगी र कालोबजारीले त संस्थात रूप नै लिएको छ । यी सबै तथ्यहरूलाई केलाउँदा हामीहरू उज्यालो र अँध्यारोको बीचमा रहेर बाँचिरहेका छौं । यस्तो बेलामा होस विचार गरेर अगाडि हिंड्न सक्ने सरकार मुलुकलाई चाहिएको छ, तर त्यस्तो सरकार ? अहिले मानिसहरूले भन्न थालेका छन्, इतिहासले केपी ओलीलाई ठूलो अवसरका साथै चुनौती पनि दिएको छ, तर त्यो अवसर ओलीले गुमाउन हुन्न थियो । उनको ख्याल ठट्टा गर्ने बानी र तुक्का जोडेर भाषण गर्ने प्रवृत्तिले गर्दा उनले पाएको अवसर गुमाउँदै गएका छन् । अहिले ख्याल ठट्टा गर्ने समय होइन, ओलीलाई खोई समयको बोध भएको ? समस्याहरू उत्पन्न भएपछि त्यस्ता समस्याहरूको समाधान गर्नु नै राजनीतिक नेतृत्वको जिम्मेवारी हो । समस्या जसले पनि सिर्जना गर्न सक्छन् । तर समाधान गर्न सक्दैनन् । त्यसैले राजनीति गर्ने व्यक्तिले समस्या सिर्जना मात्र गर्ने होइन, समस्याको समाधान समेत गर्न सक्नुपर्छ । संकटको बेला नै नेतृत्वको परीक्षा हुन्छ । अहिले ओलीको त्यस्तै परीक्षाको घडी आएको छ । उनलाई बारम्बार त्यस्तो आवसर आउँदैन । त्यसैले आफूले पाएको अवसर खेर फालेको खण्डमा ओलीसँग पछुताउनु बाहेक अन्य केही बाँकी रहँदैन । पछिल्लो समयमा ओलीको लोकप्रियतामा व्यापक कमी आएको छ । उनी आफ्नै पार्टीभित्र पनि एक्लिँदै गएका छन् । अहिले नेकपा एमालेका जिल्ला कटीको चुनाव हुँदैछ । चुनावमा पूर्वप्रधानमन्त्री माधव नेपाल र ओली गुट भनेर बेग्ला बेग्लै गुटबन्दी गरेर चुनाव भइरहेको छ । अहिलेसम्म सम्पन्न भएको चुनावलाई विश्लेषण गर्ने हो भने सबै जिल्लामा निर्वाचन सम्पन्न भइसकेपछि नेपाल गुटले ६० र ओलीले ४० प्रतिशतमा समिति हुने र पार्टीका भातृसंगठनहरू समेत ओली गुटबाट नेपाल गुटमा सर्ने निश्चित प्रायः जस्तै देखिएको छ । यी सबै तथ्यहरूले प्रमाणित हुन्छ, प्रधानमन्त्री ओलीको लोकप्रियता निकै नराम्रो गरी तल झरेको छ । आखिरी किन ?

स्तम्भकारलाई सरकारका कमीकमजोरी उतार्नु छैन । तर मुलुकमा देखिएका विभन्नि समस्याहरू समाधान गर्न सरकारका राम्रा र नराम्रा कामहरूको समर्थन र विरोध गर्नु नै आफ्नो धर्म सम्झिएकाले समर्थन र विरोध गर्नुपर्ने नैतिक दायित्व रहेको छ । अन्धराष्ट्रवाद, कुशासन र कालोबजारी, महँगी नै सरकारको मुख्य कमजोरी हो । सरकारका समर्थकहरूलाई लाग्न सक्छ, सरकार राष्ट्रवादको अडानमा चट्टानी अडान राख्छ, उनीहरूको यो भ्रम मात्र हो । एउटा प्रगतिशील राष्ट्रवादले भन्छन्, यस्तो राष्ट्रवाद भन्दछ, जसले न त छिमेकी मुलकुहरूसँग सम्बध सुधार्न सक्छ, न त आफ्नो पौरख नै बढाउँछ, न त विकल्पहरू नै खोज्छ ? यस्ता अन्धराष्ट्रवादले कसैको भलो गर्दैन । त्यसैले त्यसमा कसैले भ्रम पालेर बस्नु अवाश्यक छैन । यस्तो अन्ध राष्ट्रवादले आन्तरिक एकतालाई कमजोरमात्र बनाउँछ, अहिले त्यस्तै भएको छ । सरकारमा बस्नेहरू भन्छन्, यो सरकार राष्ट्रवादी सरकार हो । यो सरकारी भनाई मात्र हो, यसले सरकार र मन्त्रीहरूको कुर्सी त केही समयका लागि जोगाउला, तर त्यसले देशलाई एकीकृत र स्वाधिन, समृद्ध किमार्थ बनाउन सक्दैन । ओली सरकार विस्तारै भ्रंमित मार्गतर्फ उन्मूख हुँदै गएको छ । त्यसैले यो सरकारलाई पनि भन्न सकिन्छ, कामकुरो एकातिर, कुम्लो बोकी ठिमीतिर । मुलुकमा अनेक समस्या छन्, तिनलाई वेवास्ता गरेर मन्त्रालय टुक्राउनु, मन्त्रीको संख्या थप्दै जानुले ओली सरकार आफैं छायाँमा डराउन थालेको प्रमाणित हुन्छ । सरकारको काम त्यही हो भने समस्याको समाधान गर्न नयाँ मार्ग अपनाउनु पर्ने ?

devendrachudal@gmail.com

# साइकल चढेर नयाँ नेपाल कहिले पुगिएला ?



राजन कार्की

देश बन्द छ, देश बर्बाद छ, देश नाकावन्दीमा छ, देश नेतृत्वको धोखाधडीमा छ । देशघातक नेताहरू एकाआपसमा साइकल बाँडिरहेका छन्, साइकल चढेको प्रचार गरिरहेका छन् । राजनीतिक प्रदूषणले मर्ने हालतमा पुगेको देशलाई नयाँ नेपाल निर्माणका नारा लगाइएको छ । साइकल चढेर नयाँ नेपालको भञ्ज्याङ कहिले पुग्ने ?

त्यसै पनि हामी उज्यालोबाट लोडसेडिङमा पुगेका छौं । ग्यास, मटितेल नपाएर दाउरे युगमा पुगिसक्यौं । आधुनिक आधुनिक नारा लगाउनेहरूले देशलाई १८औं शताब्दिको ओढारयुगमा पुऱ्याइसके । यिनको नयाँ नेपालको नारा, भो सपना नदेखाए हुन्छ । यिनले भ्रम छरेर गर्ने खेती भनेको भ्रष्टाचार हो, नेपाल र नेपालीमाथि शोषण हो । देश मरिरहदा मृतसञ्जिवनीको काम गर्नुपर्ने नेताहरू साइकल चढेर गाईजात्रा देखाइरहेका छन् । तमासा देखाउन रत्नपार्कमा चटकेको कमी छैन । कति हेर्ने यी चटकेको चटक ?

संविधान घोषणा भएको भोलिपल्टैदेखि भारतले निहुँ खोज्यो र नाकावन्दी सुरू गऱ्यो । अशोज ६ गतेपछि त सीमामा नाकावन्दी हुँदा सहरमा कालोबजारी चम्कियो । त्यो महामारी झन झन महाप्रलय बोकेर आइरहेको छ । त्यो पहिरो, प्रलयलाई रोक्ने राजनीतिक सुझबुझ, अक्किल, हैसियत र हिम्मत देखाउनुपर्ने शीर्ष तीन दलमध्ये नेपाली कांग्रेस आफ्नै पार्टी अधिवेशनमा कोइरालाराज कि नेतृत्व परिवर्तन भन्ने प्रश्नमा माकुराको जालो जेलिएझैं जेलिएर उकुसमुकुसमा छ भने एमाले र एमाओवादी साइकल चढेर रमिता देखाइरहेका छन् । पहिले प्रचण्ड भन्थे– भारतले तेल नदिए साइकल चढौंला । ओलीले भारतलाई नम्बर वान दुश्मन भनेर राग उन्मत्त भैरव गाइरहेकै छन् । यी दुबैले गत मंगलवार बेढंगी साइकल चढेर साइकलको विज्ञापन गरिदिए, रोलमोडल बने ।

प्रचण्ड र केपी ओली नेता होइनन्, हास्यव्यङकाका महारथी मदन कृष्ण र हरिबंशका नयाँ अवतार हुन् । तिनले साइकल चढेको फोटो देखेपछि आमनागरिकको प्रतिक्रिया आएको छ– यिनले साइकल चढेर भूकम्पको धक्का, भारतीय नाकावन्दीले सिर्जना गरेको कालोबजार र मधेस आन्दोलनले उत्पादन गरेका मानसिक बिखण्डनका बिषालु सुइराहरूसँग मुकाबिला नगर्ने भए । यी सत्ताधारी नेताहरू त रोम जलिरहदा भ्वाइलिन बजाएर मदमग्न भएका निरोजस्ता पो देखिए ।

हो, प्रचण्डले भैंसी पुजन गरे, बिग्रेका ग्रहदशा ठीकठाक पार्न आखेट हेराए र पूजाअर्जना पनि गरे । दुःखदर्द दिने प्रेतलाई मन्छेर सुखशान्तिको मार्ग पनि खोले । प्रधानमन्त्री बनेपछि प्रधानमन्त्री कमरेड केपी ओलीले छठदेवीको पूजा गरेको देखियो । जीवनभर देवीदेउताको शरण परिन् कि परिनन् कुन्नी, राष्ट्रपति बनेपछि कमरेड विद्या भण्डारीलाई ब्रम्हज्ञान प्राप्त भएको छ । उनी विवाह पञ्चमीका दिन रामजानकीको दर्शन गर्न जनकपुर पुगिन्, पशुपतिनाथको पूजा गरेर एक महिनाको तलवभत्ता मन्दिरमा भेटी चढाइन् । त्यसपछि यसरी तीब्रबेगका प्रतिक्रियाहरू सार्वजनिक भएका छन् कि यी कस्ती राष्ट्रध्यक्ष जसले राष्ट्रमाताको भूमिका निर्वाह गर्न सकिनन् । आफूलाई विधवा भनेर गरेको अपमान र मन्दिर चोख्याउन गरेका केही लापते, अल्पबुद्धिकाहरूलाई कारवाही गर्न







छानबिन आयोग नै गठन गराइन्, माफी दिन सकिनन् । पशुपति मन्दिरमा लाखको भेटी चढाइन् तर नाना, खाना र छाना नभएर भकभकी मर्न थालेका जिउँदा नागरिकहरूलाई तातोन्यानो केही पठाउने अथवा आफै गएर सुत्केरी, बालबालिका, बृद्धा, बिरामीको हेरबिचार गर्ने सुझ उनलाई भएन ।

भनिन्छ कम्युनिष्ट सप्रदैन, सप्रेपछि अन्धअध्यात्मिक बन्छ । यसको दृष्टान्त बनेका छन् कम्युनिष्ट मण्डेला भनेर चिनिने मोहनचन्द्र अधिकारी । बृद्ध अधिकारीको गलामा रूद्राक्षको माला हुनछ, उनी दिनको तीन टाइम रूद्राक्षको माला जप्छन् । अर्थात ऊँनम शिवाय मन्त्र पढ्छन् । राष्ट्रपति भण्डारी र प्रधानमन्त्री केपी ओलीले मोहनचन्द्रकै मार्ग पछ्याएजस्तो लाग्छ ।

राख्न त राखेकी छिन्, राष्ट्रपतिले सल्लाहकार । खाइदेउ सल्लाहकार प्रत्येक मन्त्रीले राखेका छन् । प्रधानमन्त्रीले राखेका छन् । राष्ट्रपति र उपराष्ट्रपतिले नराख्ने कुरै भएन । सल्लाहकार अर्थात कार्यकर्तालाई जागीर दिने सजिलो उपाय हो यो । सल्लाहकारले सल्लाह दिदैनन्, राष्ट्रपतिले पत्रपत्रिका पढ्दिनन् र राज्यसत्तामा रहेकाहरूको विवेकमा बिर्को लागेको छ भने देश यसैगरी छटपटिन्छ । कसैले पनि राजनीतिक स्वार्थको स्तरभन्दा माथि राजनेताको स्तरमा उठ्ने र त्यसखालको उल्लेख्य व्यवहार देखाउन सक्दैनन् ।

राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री ओली र सरकार टिकाउने एमाओवादी अध्यक्ष प्रचण्ड त्यही पिछे बुद्धिवाला प्राणी भएका छन् । अहिले गजबको संयोग परेको छ– प्रधानमन्त्री उखान टुक्का भन्ने, प्रचण्ड र राष्ट्राध्यक्ष हाँस्ने । जनतालाई साइकल चढेर हँसाउने । सबैले देखे साइकल चढ्न लाइसेन्स चाहिने भए प्रचण्ड र ओली फेल हुने थिए । तिनले साइकलको हेण्डल कन्ट्रोल गर्न सकेनन्, त्यस्ताले देश कसरी कन्ट्रोल गर्ने ? हिजोसाँझ वीवीसी नेपाली सेवामा एक स्रोताले पत्र पठाएको सुनियो, उनले भनेका थिए– देश लोकतन्त्रमय भयो भनेको त नौटंकी देखाउने बसन्तपुरको डबलीपो बनेछ ।

अहिले पनि ठूला जलविद्युत परियोजनाका महगा जापानीज गाडी नेताहरूको आँगनमा शोभायमान भएका छन् । मन्त्री र सचिव साइकल चढेको जस्तो गर्छन्, तिनका श्रीमती र छोराछोरी मार्केटिङ गर्न पनि सरकारी गाडी कुदाउँछन् । गाडी दिएपछि ड्राइभर, तलवभत्ता, पेट्रोल, मरम्मत खर्च पनि दिनै पर्‍यो । जलविद्युतका सम्पत्तिमा राजनीतिक दाइँ चलिरहेको छ । अनि लोडसेडिङ नभए के हुन्छ ? तैपनि प्रधानमन्त्री भन्छन्– एकवर्षमा लोडसेडिङ मुक्त गराइछाड्छु । उर्जामन्त्री भन्छन्– ३ वर्षलाई उर्जासंकटकाल घोषणा गर्ने तैयारीमा छु । मन्त्री सुल्टो बोल्दैछन्, प्रधानमन्त्री उल्टोबाटो हिड्दैछन् । आफ्नै मन्त्रिपरिषदभित्र तारतम्य मिलेको छैन, यस्ता केपी ओलीले देशको शान्तिव्यवस्था बनाइराख्ने रे ? केपी ओली प्रधानमन्त्री बन्नु देशका लागि शौभाग्य हुनसकेन । यिनी पनि उही कानै चिरिएका जोगीभन्दा भिन्न देखिएनन् । बुद्धले भनेका थिए– नैतिक भ्रष्टताले गर्दा मानवताले दुःखी हुन नपरोस् । दुर्भाग्य बुद्धको देशमा राजनीतिक नैतिक भ्रष्टताले गर्दा मानवता दुःखी छ । दण्डहीनताले मानवता मरिरहेको छ ।

बंगलादेश सम्पन्न मुलुक होइन । उसले समेत भूकम्पपीडितलाई एकलाख टन चामल राहत भनेर पठाइदियो । चामल आएको ६ महिनापछि खबर सार्वजनिक भएको छ– ६१ हजार टन चामल झापाका गोदाममा कुहिदैछन् । चीनले स्कूले बालबालिकाका लागि भनेर पठाइदिएका न्याना कपडा, बाल्टिन र अन्य करोड मूल्यका सामग्रीहरू सेना र प्रहरीको सुरक्षामा राखिए, बितरण गरिएनन् । तीमध्ये बहुमूल्य सामानहरू कुखुरा र रक्सीसँग साटेर सेना र प्रहरीका सुरक्षाकर्मीले सिडियोसँग मिलेर भोज खाइदिएछन् । अख्तियार ठूला माछा समात्न २९ जनालाई पूर्जी काटेर के के न गरेको नाटक गरिरहेको छ । यो घटनाभन्दा ठूलो अनैतिक काम अरू के हुनसक्छ ? योभन्दा ठूलो भ्रष्टाचार खोज्न कहीँ जानुपर्छ ? तर अख्तियार समेत चुपचाप छ । सुरक्षा निकायका प्रमुखहरूले र गृहमन्त्री शक्तिबहादुर बस्नेतको शक्ति कहीँ देखिन्न । सबै राजनीतिक संरक्षणमा छन्, राजनीतिक संरक्षण भएपछि लोकतान्त्रिक गणतन्त्र नेपालमा पञ्चखत माफी हुनेगरेको छ ।

शक्तिशालीलाई कसले कारवाही गर्ने ? शक्तिशाली भ्रष्टहरू देखेपछि कानुनको नौनाडी गल्ने गरेको छ नेपालमा । मेडिकल माफियातन्त्र हेरेपछि कानुनको कति सिङ हुन्छ, ठम्याउनै सकिन्न । अन्यथा प्रचण्ड र गृहमन्त्रीका ६ छोरी, एमाओवादीका नेता, कार्यकर्ता भूकम्पपीडितका नाममा चीन घुमेर आए । कसैले लज्जाबोध गरेको देखियो ? छैन, जंगलराज छ नेपालमा । पहिले डाँकाहरू झिँझामा हुन्थे, अहिले लोकतन्त्रे नामधारीहरू सिंहदरवार, संसद र सरकारमा बग्रेल्ती गुँड बनाएर बसेका छन् । यही कारण हो, आमनागरिक चिसोले मरिरहेका छन्, राहत नपाएर छटपटीमा छन्, तिनको हुटहुटी– तिनीहरूप्रति संसदको चासो छैन, सरकार निरपेक्ष छ, राजनीतिक दलहरू नागरिक मरेको, मारिएका दृश्यहरू सिनेमा हेरेझैं हेरिरहेका छन् । जनताको यस्तो दुर्गति हेरेर बस्ने लोकतन्त्र विश्वका कुनै मुलुकमा हुन्न ।

यस्तै बिपत्तिमा परेका लोकका लागि बोलिदिने कर्तव्य हो अधिकारकर्मीको । नागरिक समाजको दायित्व पनि कमजोर बर्गप्रति हुनुपर्ने हो । बुद्धिजीवी र अन्य चेतनशील युवाहरूले पनि आमनागरिकको जनजीविका लुटिएकोमा, तिनको अन्यायप्रति संवेदनशील भइदिनुपर्ने हो । कोही बोलिरहेका छैनन् । सबै सत्ताको न्यानोमा ओत लागेका छन् । सर्वोच्च अदालतले किन मन्त्रालय फुटायौ, संविधानविपरित बढी संख्यामा सरकार बनायौ, भूकम्पपीडितलाई सात दिनभित्र न्यानो कपडा, राहत पठाउ भनेर आदेश गर्नुपर्ने दिन पनि देख्नुपऱ्यो । यसको अर्थ लोकतन्त्र त आयो, न्याय हरायो भन्ने हो । यति बुझेर पनि सच्चिन नसक्ने बर्गहरूले लोकतन्त्रलाई लूटतन्त्र ठानेर बलियो पारिरहेछन् । जबसम्म लुटतन्त्र कायम रहन्छ, न संविधान कार्यान्वयन हुन्छ, न बिधिको शासन नै स्थापित हुनेछ ।

साँचो अर्थमा हामीले लोकतन्त्र र प्रजातन्त्र खोजेका हौं भने त्यो भूकम्पपीडितहरूसँगै छिनछिनमा मरिरहेको छ । जब लोक अथवा प्रजाले शान्तिसुरक्षा, समानताका साथ बाँच्न पाउला, तवमात्र लोकतन्त्र बच्ला अथवा बाँचेको अनुभूत गर्न सकिएला । सिन्धुपाल्चोक, दोलखा, गोरखा, धादिङ, नुवाकोटमा चिसोको ठिहीले जसरी १७ जना बालबृद्ध मारिए, यथार्थमा त्यो लोकतन्त्र मरेको हो ।

स्मरणरहोस्, लोक नबाँची, लोकतन्त्र बाँच्दैन । लोक नबनी लोकतन्त्र संस्थागत हुँदैन । केपी ओलीको स्वेतपत्र जसरी मऱ्यो, लोकप्रति जिम्मेवार नहुने हो भने संविधान पनि त्यसैगरी मर्नेछ । लोकले राज्य छ, लोक एक्लो छैन राजनीति छ, लोकप्रति जिम्मेवार जनप्रतिनिधि छन् भन्ने ठानेका दिन लोकतान्त्रिक गणतन्त्रसहितको संविधानप्रति जनताको अपनत्व स्वतः देखिनेछ । अहिलेजस्तो पुराण भनेजसरी संविधान भट्याउँदै गाउँ गाउँ जानुपर्नेछैन । हेक्कारहोस्, साइकल चढेर तमासा देखाएर त्यो गुरूतर दायित्व निर्वाह गर्न सकिन्न । साइकल चढेको तमासा दृश्य होइन, व्यवहारिक प्रतिवद्धता र इमान देखिनुपऱ्यो ।


## दूरसञ्चार सेवाको प्रयोग सम्बन्धमा बुझिराख्नु पर्ने केही कुराहरू

- आफ्नो नाममा दर्ता भएको कुनै पनि टेलिफोन/मोवाइल अर्कैले प्रयोग गरी दुरुपयोग हुन सक्ने सम्भावना भएको र कतिपय अपराधिक घटनाहरु मा यस्ता दूरसञ्चार सेवाको प्रयोग भएको पाईएकोले आफ्नो नाममा दर्ता भएको टेलिफोन/मोवाइल दुरुपयोग हुनबाट सचेत होऔं, साथै नियमानुसार नामसारी गरेर मात्र अरुलाई प्रयोग गर्न दिने बानी बसालौं ।
- अनाधिकृत दूरसञ्चार सेवाको प्रयोग/विस्तार कानूनत दण्डनीय छ । तसर्थ नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुले प्रदान गरेको सेवा मात्र प्रयोग गर्ने तर्फ सजग होऔं ।
- कुनै अपरिचित व्यक्तिलाई आफ्नो मोवाइल फोन प्रयोग गर्न नदिउँ । यदि आवश्यकता नै परेमा उसको बारेमा बुझेर मात्र प्रयोग गर्न दिउँ ।
- तपाईले खरिद गर्न लाग्नु भएको प्रि–पेड मोवाइलको सिम कार्ड Seal Open भएको, Balance कम भएको वा पहिले नै रजिष्टर भैसकेको हुन सक्ने भएकोले त्यसमा सचेत हुनु होस् र पछि आईपर्ने झन्झटबाट मुक्त हुनु होस् ।
- दूरसञ्चार सेवाका उपभोक्ताहरुले आफ्नो टेलिफोन/मोवाइल हराएमा वा चोरी भएमा सम्बन्धित सेवा प्रदायकको सोधपुछमा सम्पर्क राखी बन्द गराउनु होला, जसको कारणले तपाईको हराएको वा चोरी भएको मोवाइल फोन दुरुपयोग हुनबाट बच्न सक्नुहुनेछ ।

**नेपाल दूरसंचार प्राधिकरण**

कमलादी, काठमाडौं, नेपाल

फोनः ४२५५४७४, फ्याक्सः४२५५२५०, पो.ब.नं.: ९७५४

ई–मेलः ntra@nta.gov.np वेभसाइटः www.nta.gov.np

# Indian Nuclear Program A Global Migraine

American experts have been incessantly warning their government of the dire consequences of exempting India from the Nuclear Suppliers Group (NSG) requirements. On December 8, while testifying in front of the United States House Committee on Foreign Affairs, the Executive Director of the Nonproliferation Policy Education Center, Henry D. Sokolski said, "The US persuaded the NSG to allow India to import uranium for its civilian nuclear program but, as predicted, this has only allowed India to dedicate more of its meager domestic uranium production to military purposes. India, in short, with the deal now can make more bombs."

A week after the testimony, Adrian Levy, a world renowned investigative journalist wrote an alarming piece, warning that India is secretly constructing an entire city dedicated to building an arsenal of nuclear weapons. Levy's in-depth look at how India has been surreptitiously uprooting farmers since 2012 in the South of the country to erect a clandestine nuclear city is a testament of the very real global threat a nuclear armed India poses, and it also proves that the American actions have in fact helped India proliferate on a very massive scale.

Americans must realize that India is no one's friend and that history proves that. India cannot be bound by any bilateral or multilateral agreements. In the early 1990s Pakistan and India had a bilateral agreement that prohibited both nations from possessing chemical weapons, a few years later after ratifying the Chemical Weapons Convention (CWC) in 1996, India declared it had a stockpile, a clear violation of the bilateral commitment to Pakistan.

In 1974 India conducted its first nuclear test. They were only able to develop their first bomb by violating the terms of a multilateral peaceful uses agreement that they had with Canada and the United States.

Since last December, Putin, Obama, and Xi Jinping have all visited India, and with each one Modi has made promises that contradict the commitments he has made to the others. Modi thinks he can pull the wool over everyone's eyes – yes, he does, but cannot fool them any longer. He used President Xi Jinping's visit to leverage Russia and the visit by Vladimir Putin to force Barack Obama into his arms. This is the real face of the so-called incredible India.

The construction of this new top-secret nuclear city, as detailed in Levy's report is clear evidence that America's attempt to offer India a civil nuclear incentive has failed to reign in their nuclear weapons program, instead it has helped the weapons program grow to unthinkable new heights. The city when completed in 2017 would be "the subcontinent's largest military-run complex of nuclear centrifuges, atomic-research laboratories, and weapons- and aircraft-testing facilities", the report said.

Regional stability is essential to avoid war, the NSG exemption secured by the America for India has freed up un-safeguarded Indian uranium for weapons use, and as revealed by Levy for an entire city dedicated to building nuclear bombs. After all this, America still choses to continue with backing India's bid for full membership to the NSG, ironically the very organization created to prevent future proliferation after India exploded their first bomb.

The Americans must know that if India is allowed to build such a huge facility for the sole purpose of enriching uranium, it will create instability in the region. It will further aggravate Pakistan's security dilemma, and at the same time enrage the Chinese.

According to the report, the construction began three years ago, and it is hard to imagine that strategic thinkers in the United States did not raise any red flags. The hypocrisy of the American standards is just so astonishing that it leaves me speechless.

Pakistan has meager resources and a declared purpose for their nuclear weapons program, which is actually a stabilizing factor in the region, and it is bombarded with American pressure to restrain its program. Not to mention, Pakistan did not violate any civil nuclear agreements to build its nuclear capability.

On the other hand, India, the first country to proliferate in the region by violating a civil agreement, has massive resources, and no credible purpose for their nuclear weapons program, and it is given exemptions to import more resources to buildup their nuclear arsenal, further destabilizing the region. This sort of hypocrisy makes no sense and can result in a global nuclear crisis.

To make matters even worse, another report published earlier this week states that India's nuclear explosive materials are vulnerable to theft, but as the report states, "the Americans choose not to press for tougher security because of its booming trade relations with India" and cannot afford to offend the Indian workforce in America that has crept into their system.

I beg the Americans to pay attention to their experts in Washington DC, and pay heed to their warnings of a global nuclear crisis if India is allowed to continue to grow its nuclear arsenals unchecked. I urge them to stop playing geo-politics for the sake of all our futures

***By : Umer***



# वर्तमान अवस्थामा देश र मधेशको बहस

*नगेन्द्रकुमार कर्ण*

जनकपुरस्थित जानकी मन्दिरमा विवाहपञ्चमीको अवसरमा राष्ट्रपतिको आगमन र त्यसपछिको सृजित अवस्थाको बारेमा अहिले चर्चा, परिचर्चा तथा वहस शुरू भएको छ । अहिले मधेशको चोक चोकमा, पसल पसलमा मात्रै होइन पहाडमा पनि जनकपुर घटनाकै चर्चाले ठाउँ पाएको छ । वृद्धदेखि युवाहरूसम्मको वहस यसैमा केन्द्रीत भएको छ । कतिपयले त महिला अधिकारसंग समेत यसलाई जोडेर सोसल मिडियाहरूमा चर्को आवाज उठाएका छन् । एकल महिला मन्दिरमा प्रवेश गरेको भन्दै मन्दिरमा गंगाजल छर्किएर चोखो बनाइएको भन्दै देशभरिका महिला अधिकारवादीहरू पनि दोषीलाई कारवाही गर्नुपर्ने भन्दै सडकमा आएका छन् । मन्त्रिपरिषदले बैठक नै बसेर यो कार्यलाई गणतन्त्रमाथिकै प्रहार भनेको छ । सरकारले अराजकता भन्दै छानवीन समिति मात्रै होइन तिनजनालाई पक्राउ गरिसकेको खबर मिडियाहरूमा आएका छन् । एकथरीले राष्ट्राध्यक्षले नेपालको कुनै पनि मन्दिरमा गएर पुजापाठ गर्न सक्ने तर्क दिर्दै उनको विरोधलाई अराजकता भनेको छ भने अर्कोथरीले अवस्था भयावह बन्न सक्ने आँकलनका वावजुद आउनुले आफुहरूलाई चुनौती दिएको वुझ्दै आएका छन् । यो एकथरीको अराजकता नै हो कि अर्कोथरीलाई दिएको चुनौती नै हो भन्ने कुराको खुला वहस हुनु आवश्यक देखिएको छ ।

मैथिली भाषामा एउटा कहावत छ, 'कतबो दुःख होई त तोसक नै ओढवाक चाही आ कतवो सुख भ जाई त सिरक पर नै सुतवाक चाही'। जति दुःख, कष्टमा रहेपनि सुत्ने विछयौना ओढनुहुन्न र जति सुख भएपनि ओढने सिरकमा सुत्नुहुन्न भन्ने माँथिको पंक्तिको अर्थ हो । एक शब्दमा भन्नुपर्दा दुःखमा आत्तिने होइन र सुखमा मात्तिने होइन भाव हो । कसैले पनि दुःख र सुखको परिभाषा यहि नै हो भन्नु बठ्याई मात्रै हो । दुःख र सुखको परिभाषा समय, काल, परिस्थिती अनुरूप विभिन्न रूपले गर्न सकिन्छ । यसको परिभाषा मान्छे अनुसार पनि फरक फरक नै हुन्छ । कसैको लागि एउटै कुरा सुख दिने होला त अर्कोको लागि दुःखदायक होला । त्यसैले पनि यसको परिभाषा खोज्नुभन्दा समग्रतामा वुझ्नुपर्छ । किनकी मैले शुरूमै भनिसके यसको परिभाषा सबैको लागि अलग अलग हुनसक्छ । तर पनि हामीले जति दुःख परे पनि धैयर्ता गुमाउनु हुन्न बरू यसको सामना गर्नुपर्छ । त्यस्तै जति सुख भएपनि हामीले मात्तिने हुन्न् । जनकपुर आगमनलाई हामीले दुःखमा आत्तिएको र शक्तिको मदमा मात्तिएको भनेर वुझ्न सकिन्छ । चार महिनाभन्दा बढी समयको हडताल, बन्दले आजित भइसकेको समयमा ल्याएको दुःख तथा समस्यालाई समाधान गर्नुको साटो आफ्नै मदमा र शक्तिमा मात्तिनुले यस्तो अवस्था ल्याएको भन्नुमा कुनै अत्युक्ति नहोला ।

सदियौंदेखि मिथिला अतिथी देवो भवःले चल्दै आएको छ । त्यसैगरी महिलालाई पनि शक्तिको स्रोत भन्दै यसको गरिमालाई स्थान दिइएको छ । तर एक्कासी मिथिला कसरी अहिष्णु भयो भन्ने कुराको जानकारी कसैले मलाई छैन् भन्ने वुझ पचाउनु हो । उक्साएर समस्याको समाधान हुदैन् । राष्ट्रपतिजस्तो गरिमा बोकेको संस्थाले अलिकति विवादको गन्ध आयो भने त्यसमा पस्नु हुन्न् भन्ने यर्थातता के उनका सल्लाहकारहरूलाई थाहा भएन । यस्तो गन्ध पनि नआउने सल्लाहकारहरूलाई यस्ता संस्थामा राख्नुको अर्थ राष्ट्रपतिलाई विवादमा ल्याउनु हो । हो, विवाहपञ्चमीमा जुन कुरा भयो त्यसो नहुनु पर्ने हो । यसमा कसैको पनि दुईमत हुन सक्दैन् तर शक्ति प्रर्दशन गरेर उक्साउने काम पनि कुनैपक्षबाट गरिनु राम्रो होइन । राष्ट्रपतिलाई ओली कार्डले उपयोग गरेको मधेशको वुझाई छ । होइन भने राष्ट्रपतिलाई विवादमा आउनुपर्ने कुनै कारण नै छैन् । जानकी मन्दिरमा विवाहपञ्चमीको अवसरमा राष्ट्राध्यक्ष पुग्नु नै पर्छ भन्ने कुनै चलन पनि होइन । यदि आमन्त्रण नै आएको भएपनि विवादको समयमा आउनु कुनै पनि तरहबाट उचित निर्णय भन्न सकिन्न् । त्यसैले पनि ओली कार्डमा राष्ट्रपति फसेको वुझ्न कठिन छैन् भने राष्ट्रपति बनिसकेपछि पनि तटस्थ र निष्पक्ष संस्थाको हैसियतमा समस्या समाधान गर्नुको साटो दिनुभएको अभिव्यक्तिलाई यसको कारण मान्न सकिन्छ । यस अघिका राष्ट्रपति डा.रामवरण यादवले कुनै पनि विवादको कार्यक्रममा नगएको दृष्टान्त हामी अगाडी रहँदारहँदै पनि यस्तो निर्णय लिनु मधेश र मधेशीलाई उक्साउन नै गएको प्रमाणित हुन्छ । शक्तिको मदमा मात्तिएर दर्शन गर्नुको औचित्य पनि छैन् । यो कुनै वैदिक युग होइन, एउटा गालामा कुटदा अर्को गाला पनि अगाडी बढाइदिने । जस्ले जस्तो व्यवहार गर्छ उसलाई पनि उस्तै गर्नु पर्छ भन्ने पनि होइन । तर पनि हामीले सचेत हुने कि नहुने । दुर्घटना हुन्छ भन्ने जान्दाजान्दै हामफाल्नु वुद्धिमानी होइन । यस्तो वुद्धिमानीले अन्ततः आफैलाई नै नोक्सान गर्छ ।

त्यसैगरी राष्ट्रपतिलाई एकल महिला भन्दै केही व्यक्तिहरूले गरेको टिप्पणीलाई लिएर पुरै समुदायलाई नै दोषारोपण गर्नुपनि एकदमै हास्यास्पद छ । हो, जसले यस्तो वेवकुफी गरेको छ त्यो एकदमै गलत हो यसमा कसैको पनि दुईमत हुन सक्दैन् । तर एक दुई जनाले बोल्दैमा उनीहरूको कुरालाई ठुलो ठुलो स्थान दिएर पुरै समुदायलाई त्यसै देख्नु भदौंमा आँखा फुटेको गोरू सधैं हरियो नै देख्छ भन्ने बाहेक केही हुँदैन् । त्यसैले तत्कालै राष्ट्रपति जस्तो गरिमामय व्यक्ति र संस्थालाई विवादमा ल्याउने कार्यलाई वन्द गर्नुपर्छ । गलतलाई गलत र सहीलाई सही भन्नुपर्छ । मिथिलामा एकल महिलालाई कुनै पनि कार्यमा वा पुजापाठ गर्नबाट वन्देज वा मनाही गरिएको छैन् यो कुरा सबैलाई हेक्का भए हुन्छ । तर कुनै शुभ कार्यमा एकल महिला आफै अगाडी नसर्ने गरेको पनि सत्य हो । यसको अर्थ फेरी अर्को नलागोस् । जनकपुर घटनालाई लिएर नेपालको विभिन्न जिल्लाहरूमा कथित (एमालीय) महिला अधिकारवादीहरू खुट्टा उफारी उफारी अहिले उर्लेका छन् । हात नचाई नचाई भुकेका छन् । तर मधेशमा महिलाहरूको हत्या भएको बेला उनीहरू कहाँ थिए ? के हातहरू लुलो परेका थिए ? खुट्टा मर्किएको थियो ? मुखमा लगाम लगाइएको थियो ? यदि त्यस्तो होइन भने किन त्यो बेला महिला अधिकारकर्मीहरूले आवाजलाई बुलन्द गरेनन् त ? यसको जवाफ महिला अधिकारकर्मीहरूले दिनुपर्छ । नश्लीय अधिकारको कुरा गर्नुको तुक छैन् । झन मधेशमा त मानवीय संकट भएको बेला अधिकारको कुरा खोज्नु हावामा महल बनाउनु हो ।

मधेशमा चार महिना भन्दा लामो समयदेखि बन्द, हडताल भइरहेको छ । हरेक व्यवस्था खत्तम भइरहेको छ । दैनिक गुजारा गर्न समेत धौ धौ परिरहेको छ । त्यस्तो अवस्थामा पनि मधेशलाई राज्यले नहेरेको अवस्था छ । लाग्छ, मधेशको वासिन्दा नेपाली नै होइनन् । नेपाल भनेको मात्रै काठमाण्डौं र राजमार्ग उत्तरका क्षेत्र छन् । सरकारलाई मधेशी होइन मधेश मात्रै चाहिएको छ । यति लामो बन्द हडतालमा पाँच दर्जनलाई राज्यले हत्या गरेपनि अहिलेसम्म नपुगेको देखिएको छ । अझ पनि मधेश र मधेशीलाई बलिदानीको आवश्यकता छ भने राज्यलाई बलिप्रदानको । यो बलिदानी र बलिप्रदान कहिले रूक्ला भन्ने स्थिती छैन् । अवस्थालाई अझै भयावह बनाईदैंछ । उक्साउने कार्य जारी राखिएको छ । अहिले पनि मधेश र मधेशीको मानसिकता छुट्टिने देखिएको छैन् । तर राज्यका जिम्मेवार भएकाहरू जिम्मेवारीबाट पन्छिएर देश टुक्रिन लागेको हल्ला गर्नमै मस्त छ । उनीहरू सिके राउत, गोइत, ज्वाला सिंहहरूको हवाला दिइरहेका छन् । तर अहिलेसम्म मधेशमा रहेका १० प्रतिशत पनि राउत, गोइत र ज्वालाको विचारसंग सहमत छैनन् भन्ने कुरा किन ति जिम्मेवारी बोकेकाहरूको दिमागमा पस्न सकेको छैन् । यस्तै अवस्था रहने हो भने उनीहरूको विचारसंग मधेश नजाला भन्न सकिन्न अनि त्यस्तो अवस्थामा वुद्धिजीवीहरूको हविगत के होला अहिले नै कल्पना गर्नु वुद्धिमानी हुनेछ । देशलाई कसरी जोडने भन्ने सुत्र ति जिम्मेवार भनिनेहरूसंग छैन् न त जोडने कुरा उनीहरूको प्राथमिकतामा छ । यदि उनीहरूको प्राथमिकतामा यो भएको भए जिम्मेवारीपूर्वक बोलीमा लगाम लगाउनुपर्थ्यो । तर, देखिएको भने उल्टो छ । दुनो सोझ्याउने कार्यमा मात्रै लागेका छन् । व्यवहारमा एकरूपता देखिएको छैन् । मदमा मस्त छन् । झन त्यसमा मलजल गर्ने काम कथित अधिकारवादी भनिएकाहरूले गरिरहेका छन् । मधेशमा पाँचदर्जनले बलिदानी दिइसकेपनि त्यसको बारेमा नबोल्ने अधिकारवादीहरू भारतले नाकावन्दी गरेको भनेर फाटेको मुरली बजाउनैमा व्यस्त छन् । म उनीहरूलाई चुनौती दिन चाहन्छु कि बोर्डरमा आएर नाकावन्दी कसले गरेको हो देखेर जाओस । अरूको चश्मा प्रयोग गर्नुभन्दा आफ्नै सद्दे आँखा प्रयोग गरून भन्ने मेरो आग्रह छ । नाकामा भएको अवरोधले काठमाण्डौंमा मानवीय संकट उत्पन्न भयो भन्ने मुखहरूले लामो बन्दीको कारणले मधेश र मधेशीको अवस्था कस्तो छ भनेर बोलोस् भन्ने हाम्रो चाहना छ । काठमाण्डौंमा मानवीय संकट देख्नेहरूले मधेशमा बस्नेलाई मानव नै ठानेका रहेनछन् जस्तो लागेको छ । मधेशमा खुलेआम बच्चादेखि वृद्धसम्मको हत्या भएपनि सरकारले कसैलाई कारवाही नगर्नु तथा कुनै छानविन समिति पनि गठन नगर्नु सरकारको मधेशप्रतिको रवैयालाई स्पष्ट पारेको छ । त्यसैले पनि राज्यले अहिले झिना, मसिनामा अल्झेर, एक दुईजनालाई प्राथमिकतामा राखेर देशमा साम्प्रदायिकता विगार्नुभन्दा समस्याको समाधान गर्नु वुद्धिमानी हुनेछ । अन्यथा बाढीमा नदिले परिवर्तन गर्ने बाटो र त्यसले ल्याउने विध्वंस जस्तै अवस्था नहोला भन्न सकिन्न् । *(मधेश दर्पण)*


Sajha Express (p.) Ltd.

**Domestic & INT 'L Courier Cargo Service**

| Head Office | Branch Office |
| --- | --- |
| Hanumansthan, Anamnagar<br>Po Box 14189 Kathmandu,<br>Nepal, Tel .4230789 ,4230269 | Barnwal Market, Birgunj<br>Hari Panta (Branch Manager),<br>Tel. 051-526809 , 9855021524 |

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
**सामाजिक सुरक्षा कोष**
बबरमहल, काठमाडौं
(फोन नं. ४२५६१४४, web: www.ssf.gov.np, email: info@ssf.gov.np)

**रकम तथा विवरण दाखिला सम्बन्धी अत्यन्त जरुरी सूचना**

योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न सरकारी, गैर सरकारी तथा निजी क्षेत्रका कर्मचारी/श्रमिकहरूले प्राप्त गर्ने पारिश्रमिकबाट १ प्रतिशतका दरले करकट्टी हुँदै आएको छ । यो कर मासिक कर कट्टी गरी राजस्व शीर्षक नं. १-१-२-१-१ मा दाखिला गर्न गराउन र कोषको वेब ठेगाना www.ssf.gov.np मा उपलब्ध लगत सङ्कलन फाराम अनुसारको विवरण सामाजिक सुरक्षा कोष, बबरमहल, काठमाडौंमा आइपुग्ने गरी वा इमेल ठेगाना info@ssf.gov.np मार्फत पठाउनु हुन सरकारी, गैरसरकारी तथा निजी निकाय वा प्रतिष्ठान सबैलाई अनुरोध छ । सामाजिक सुरक्षा कर कट्टी नगर्ने वा गरेर पनि विवरण नपठाउनेलाई सामाजिक सुरक्षा योजनामा सहभागि गराउन कठिनाई पर्ने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ ।

**अडियो सूचनाका लागी नोटिस बोर्ड नं. १६१८०१४२५६३१५**

**लागू औषधप्रयोग तथा ओसारपसार गर्नु दण्डनीय अपराध हो । लागू औषध दुर्व्यसन क्रमिकरुपमा विकसित हुँदै, दीर्घकालसम्म रहिरहने एक प्राणघातक रोग हो ।**

अन्तिम परिणाम : मानसिक रोग, जेल सजाय र मृत्यु ।
सावधान : यसको शिकार तपाई पनि हुनसक्नुहुन्छ ।

नेपाल सरकार
गृह मन्त्रालय
लागू औषध नियन्त्रण कार्यक्रम

# लघु विद्युत्‌ले झिलिमिली बने गाउँ

नवलपरासी/ सहरी क्षेत्रमा विद्युत्‌भारका कारण अन्धकार हुँदै आएका वेला जिल्लाका पहाडी गाविस लघु विद्युत्‌ले झिलिमिली बनेका छन् । गाउँलेको सक्रियतामा निर्माण गरिएका लघु जलविद्युत्‌ले गाउँ झिलिमिली भएका हुन् ।

नवलपरासीका १७ पहाडी गाविसमा सञ्चालित ३० लघु जलविद्युत्‌मार्फत उत्पादित २ सय १९ किलोवाट बिजुलीले गाउँभर विद्युत् सेवा पहुँच सहज भएको छ ।

जिल्लामा केही वर्षदेखि जिविस, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र स्थानीय गाउँलेको पहलमा निर्माण भएका लघुजलविद्युत् आयोजनाले यस क्षेत्रका ३ हजार ३ सय २९ घरधुरीका बासिन्दाले बिजुलीबत्ती बाल्न पाएका छन् । गाउँ झिलिमिली पार्न लघु जलविद्युत् अयोजनाले ठूलो सहयोग गरेको बुलिङटार गाविसका पूर्वअध्यक्ष पद्मराज गिरीले बताए ।

४७ किलोवाट क्षमताको लघु जलविद्युत् अयोजनाबाट ६ सय ५८ घरधुरीले बिजुली बालेका छन् । त्यस्तै, नरम गाविसमा सञ्चालन भएको सात किलोवाट क्षमताको लघु जलविद्युत् अयोजनाबाट १ सय १६ घरधुरीले विद्युत् उपयोग गरेका छन् ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट अनुदानस्वरूप प्रतिकिलोवाट १ लाख ३५ हजार, स्थानीयस्तरबाट २ लाख ४० हजारबराबरको श्रमदान र सरकारी क्षेत्रबाट करिब ८० हजारको सहयोगमा गाउँमा बिजुली बलेको हो ।

जिल्लाको १७ पहाडी गाविसमध्ये बुलिङटार, नरम, भारतीपुर, धुकोट, हुप्सेकोट, मिथुकरम, जैवारी, कोटथर, मैनाघाट, डेढगाउ, रूचङ, अर्खला धैवादी गाविसका गाउँले लघु विद्युत्‌बाट लाभान्वित भएका छन् ।

अर्खला गाविसअन्तर्गत देवसत खोलाबाट २६ किलोवाटा विद्युत् उत्पादन हुन्छ । यो पहाडी भेगको सबैभन्दा पुरानो आयोजना हो ।

भारतीपुरमा ९ किलोवाट क्षमताको लघु जलविद्युत् अयोजनाले सोही क्षेत्रका २ सय ३ घरधुरीले विद्युत् उपयोग गर्दै आएका छन् ।

धुर्कोट गाविसमा ५.५ किलोवाट क्षमताको लघु जलविद्युत् आयोजनाबाट ७२ घरधुरीले विद्युत् उपयोग गरेका छन् । हुप्सेकोट गाविसमा कुल ७.५ किलोवाट क्षमताको लघुजलविद्युत् अयोजनाबाट १११ घरधुरीले विद्युत् सुविधा पाइरहेका छन् ।

मिथुकरममा ३ किलोवाट क्षमताको निरदी खोलाबाट विद्युत् उत्पादन गरी ४२ घरधुरीले विद्युत् उपयोग गरेका छन् ।

यस्तै, जैवारीमा २९ किलोवाट क्षमताको लघु जलविद्युत् अयोजनाबाट ३ सय ४७ घरधुरीले विद्युत् उपयोग गरेका छन् भने रूचाङमा २३ किलोवाट क्षमताको लघु जलविद्युत् अयोजनाबाट २ सय ९७ घरधुरीले विद्युत् उपयोग गरेका छन् ।


# नेपालको संविधानमा थारुको अधिकार

**नेपालको संविधानमा थारुको हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।**

- वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, विभेद अन्त्य गर्ने ।
- समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।
- सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, भाषा वा क्षेत्र, वैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका थारु लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपालीसमुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षणगर्ने हक हुने ।
- सामाजिक रूपले पछाडि परेका थारु समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
- मुक्त कम्हलरी, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने ।
- संवैधानिक निकायको रुपमा एक थारु आयोगको व्यवस्था गरिएको ।
- राज्यको संरचना गर्दा समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने ।
- राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिंग वा समुदायको हुने ।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी आधारमा गर्ने ।
- संवैधानिक आयोगको रुपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था गरिएको ।
- नेपाली सेनामा थारु समेतको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।
- नेपाली राजदूत र विशेष प्रतिनिधिसमावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- जनसंख्याको घनत्व, भौगोलिक विशिष्टता, प्रशासनिक एवं यातायातको सुगमता, सामुदायिक तथा सांस्कृतिक पक्षलाई समेत ध्यान राख्दै कार्य गर्नका लागि निर्वाचन क्षेत्र निर्धारण हुने ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना विभाग


## vhsb

# महिला कुस्ती खेलाडी छानिए

भारतमा हुने १२औं दक्षिण एसियाली खेलकुद (साग) का लागि महिला कुस्ती खेलाडी सोमबार छनोट भएका छन् । १२औं दक्षिण एसियाली खेलकुद तयारी कार्यकारी समितिद्वारा आयोजित राष्ट्रव्यापी खुला कुस्ती छनोट प्रतियोगिताबाट आठ महिला खेलाडी छनोट भएका हुन् ।

सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरको लुम्बिनी हलमा भएको प्रतियोगिताको महिला ४८ केजीमा इलामकी सुमित्रा राई पहिलो भइन् । सुमित्राले पर्साकी पूजाकुमारी श्रीवास्तवलाई पराजित गरिन् । ५३ केजीमा कञ्चनपुरकी ईश्वरी थापाले इलामकी रोशनी राईलाई हराउँदै सागमा आफ्नो स्थान पक्का पारिन् । ५५ केजीमा धनकुटाकी शर्मिला राईले आफ्नै जिल्लाकी राधिका रोकायालाई हराउँदै छनोट भइन् ।

महिलाको ५८ केजीमा कञ्चनपुरकी लक्ष्मी खत्री, ६० केजीमा रूकुमकी कविता पुन, ६३ केजीमा सप्तरीकी शान्ति चौधरी, ६९ केजीमा लीला सिंह तथा ७५ केजीमा मोरङकी भानु थापलिया छनोट भए । पाँचै खेलाडीले कुनै प्रतिद्वन्द्वी नपाएपछि उनीहरु सागका लागि स्वतः छनोट भएका हुन् ।

महिलातर्फ ११ खेलाडीले प्रतिस्पर्धा गरेका थिए । छनोट संयोजक एवं वरिष्ठ कुस्ती प्रशिक्षक विद्यासागर पोखरेलका अनुसार नेपालमा महिला कुस्तीको राष्ट्रव्यापी प्रतियोगिता भएको पहिलोपटक हो । यसअघि महिलाको प्रदर्शनी खेल मात्र भएको पोखरेलले जनाएका छन् । सागमा पनि महिला कुस्ती पहिलोपटक समावेश गरिएको हो ।

पुरुषमा पनि आठै खेलाडी सागका लागि छनोट गरिनेछ । पहिलो दिनको खेल समाप्तिसम्म एक पुरुष खेलाडीको टुंगो लागिसकेको छ । ११औं सागका रजतधारी सत्येन्द्रप्रसाद यादव १ सय २५ केजी तौल समूहमा छनोट भएका छन् । सत्येन्द्रले पनि प्रतिद्वन्द्वी भेटाएनन् । ५७ केजीमा पर्साका जयमंगल यादव, ६१ केजीमा बाराका रामबाबु यादव, बाराका प्रमालाल यादव र रौतहटका भगवत साह तथा ६५ केजीमा पर्साका सरोज यादव र बाराका धुपलालप्रसाद यादवले जित हात पारेका छन् ।

७४ केजीमा नेपाल आर्मी क्लबका भेषराज पण्डित र बाराका सन्देश पण्डित, ८६ केजीमा बाँकेका रमेश गोतामे र १०औं सागका रजतधारी बाराका बुनीलाल यादव तथा ९७ केजीमा पर्साका सुमिर साह र सिरहाका जितेन्द्रप्रसाद यादवले आ-आफ्नो खेल जितेका छन् । पुरुषमा ३६ खेलाडी सहभागी छन् । कुस्तीले सागमा ४ रजत र ९ कांस्य पदक नेपाललाई दिलाएको छ ।

# गुरुङ र टासीको जोडी पहिलो

राष्ट्रिय खुला टेनिस प्रतियोगिताअन्तर्गत ५५ वर्षमाथि डबलसतर्फको उपाधि पृथ्वीमान गुरुङ र पेमा टासीको जोडीले हात पारेको छ । गुरुङको जोडीले फाइनलमा राजेन्द्रसिंह भण्डारी र विमल गुरुङको जोडीलाई ६-२ र ४-६ र १०-६ ले हराएको हो । ३५ वर्षमाथि एकलतर्फको फाइनल प्रवेशका लागि महेश श्रेष्ठले कमल भण्डारीविरूद्ध प्रतिस्पर्धा गर्नेछन् ।

अर्को सेमिफाइनलमा श्रीराम मगरले राजु श्रेष्ठको सामना गर्नेछन् । ३५ वर्षमाथिको डबल्सतर्फको क्वार्टरफाइनलमा राजु श्रेष्ठ र कमल भण्डारीको जोडी विजयी भयो । सो सोडीले एम श्रेष्ठ र डी शाहीको जोडीलाई ६-१ र ६-२ ले हरायो ।

अनिल तुलाचन र समीर शेरचनको जोडीले राजु श्रेष्ठ गोर्खा र चिरायु जंगबहादुर राणाको जोडीमाथि ६-१, ६-७ र १०-३ को जित निकाल्यो । ४५ वर्षमाथिको एकलको सेमिफाइनलमा धरमबहादुर लामिछानेले प्रदीप शाहविरूद्ध खेल्नेछन् । सुनील श्रेष्ठले राजु श्रेष्ठसँग प्रतिस्पर्धा गर्नेछन् ।

# मेसीलाई अर्को उपाधि

दुबई । फिफा बेलोन्डेअर अवार्डको मिति नजिकिँदै गर्दा बार्सिलोनाका अर्जेन्टिनी स्ट्राइकर लियोनल मेसीले अर्को महत्वपूर्ण अवार्ड जितेका छन् । मेसीले सोमबार दुबईमा वर्षको उत्कृष्ट खेलाडीको अवार्ड हात पारे ।



मेसीले गत वर्ष बार्सिलोनालाई युरोपका महत्वपूर्ण तीन उपाधि दिलाउन निर्णायक भूमिका खेलेका थिए । मेसीले गत सिजन क्लबका लागि ५८ गोल गरेका थिए । बार्सिलोनाका अध्यक्ष जोसेप मारिया बार्तोम्यु वर्षको उत्कृष्ट अध्यक्ष चुनिंदा बार्सिलोना वर्षकै उत्कृष्ट क्लब चुनियो । अर्जेन्टिनाबाट अवार्ड लिन दुबई पुगेका मेसीले टिमका कारण सफलता सम्भव भएको प्रतिक्रिया दिए । 'यी अवार्डहरु ग्रहण गर्दा सधैं रमाइलो महसुस हुन्छ, तर म सधैं भन्ने गर्छु कि टिमकै कारण यी सफलताहरु सम्भव भएका छन्,' मेसीले भने, 'वास्तवमै गत सिजन अविश्वसनीय रह्यो ।'

दुबईमा उत्कृष्ट 'मिडिया एट्र्याक्सन' अवार्डसमेत प्राप्त गरेको बार्सिलोनाले यो वर्ष पाँच उपाधि जित्यो । बार्सिलोनाले सन् २०१५ मा स्पेनिस लिग फुटबल, कोपा डेल रे, च्याम्पियन्स लिग, युरोपियन सुपर कप र क्लब विश्वकपको उपाधि जित्यो ।

यो वर्ष बार्सिलोनाले सहभागिता जनाएकोमध्ये स्पेनिस सुपर कपको उपाधि मात्रै गुमाएको थियो । त्यसमा बार्सिलोना एथलेटिको बिल्बाओसँग पराजित हुन पुगेको थियो । यस्तै, न्युयोर्क सिटीका खेलाडीद्वय एन्ड्रेय पिर्लो र फ्रांक लाम्पार्डले करिअर अवार्ड हात पारे । क्रिस्टियानो रोनाल्डोका एजेन्ट जर्ज मेन्डेसले उत्कृष्ट एजेन्टको अवार्ड जित्दा बेल्जियमका प्रशिक्षक मार्क विल्मोट्सले वर्षको उत्कृष्ट प्रशिक्षकको अवार्ड जिते । बेनेफिकाले उत्कृष्ट एकेडेमीको अवार्ड जित्यो ।

/Elg va/



## विन्ध्यवासिनी म्युजिक अवार्ड
# युवराज र श्रेयसी उत्कृष्ट

विन्ध्यवासिनी म्युजिक अवार्ड-०७२ का लागि गायक युवराज चौलागाईंले सुगम संगीततर्फ सर्वोत्कृष्ट गायकको अवार्ड जितेका छन् । सर्वोत्कृष्ट गायिकाको अवार्ड भने श्रेयसी चेम्जोङले प्राप्त गरिन् । चौलागाईंले 'हरेक शब्द' बोलको गीत र श्रेयसीले 'म तिम्रो हुंला-नहुंला' बोलको गीतका लागि उत्कृष्ट अवार्ड जितेका हुन् । श्रेयसीले पब्लिक च्वाइस अवार्ड पनि पाइन् । यही गीतबाट राजकुमार बगरले सुगम संगीतकारको अवार्ड प्राप्त गरे ।

वरिष्ठ गायक प्रेमध्वज प्रधानलाई ५१ हजार एक सय ५१ रुपैयाँ नगदसहित 'लाइफ टाइम एचिभ्मेन्ट अवार्ड' प्रदान गरिएको कार्यक्रममा रंगपत्रकार कृष्ण भट्टराई २५ हजार पांच सय २५ नगदसहित विन्ध्यवासिनी कला सम्मानबाट सम्मानित भए । १५ हजार पांच सय १५ रुपैयां नगदसहितको विन्ध्यवासिनी संगीत रत्न सम्मानबाट गायक राजेशपायल राईलाई सम्मान गरियो । त्यसैगरी, सानो उमेरमै फिल्म निर्देशन गरेर गिनिज बुकमा नाम लेखाएका सौगात विष्टलाई नगद १० हजार एक रूपैयाँसहित विशेष सम्मान गरियो ।

'साउनको भेल' बोलको गीतका लागि रंगपत्रकारसमेत रहेका डब्बु क्षत्रीले सर्वोत्कृष्ट गीतकारको अवार्ड जिते । डा. कृष्णहरि बरालले 'हेर्ने हजार आँखा' गीतका लागि सुगम रचनाकारको अवार्ड जिते । सर्वोत्कृष्ट लोकगायकको अवार्ड भने बद्री पंगेनीले प्राप्त गरे । सुगम संगीतमा विनोद बज्राको बज्रा एल्बम सर्वोत्कृष्ट एल्बम घोषित भयो । जुगल डंगोलले डब्बुको साउनको भेलजस्तो गीतबाट सर्वोत्कृष्ट संगीत संयोजकको अवार्ड हात पारे ।

पार्श्व संगीततर्फ 'मात लाग्यो'बाट गायक रामचन्द्र काफ्ले, सोही गीतबाट चेतन सापकोटा संगीतकार, जुनु रिजाल 'तिमी गीत हौ कि'बाट गायिकाका रूपमा विजयी भए भने राष्ट्रिय भावनाले ओतप्रोत गीततर्फ रोशन भट्टराईले 'बिहानी घामले'बाट गीतकारको अवार्ड जिते । हरेक वर्ष विन्ध्यवासिनी फाउन्डेसनले संगीतका विभिन्न विधामा अवार्ड प्रदान गर्दै आएको छ । ०७२ सालका लागि ३१ विधामा अवार्ड वितरण गरियो ।

# ड्रिम्सको फर्स्ट लुक सार्वजनिक

रोमान्स किङ अभिनेता भुवन केसीको निर्देशनमा बनेको फिल्म 'ड्रिम्स'को फर्स्ट लुक सार्वजनिक गरिएको छ । निर्देशक भुवनले शुक्रबार क्रिसमस डेको अवसर पारेर फेसबुकमार्फत आफ्नो फिल्मको पहिलो अनुहार दर्शकमाझ ल्याएका हुन् ।

२१ फागुनमा रिलिज हुने ड्रिम्समा भुवनपुत्र अनमोल केसी र दुई नवअभिनेत्री सामग्रीराज्यलक्ष्मी शाह र सन्ध्या केसी प्रमुख भूमिकामा छन् । भुवन आफ्नो फिल्म सफल बनाउन लागेका छन् । पुरुषोत्तम प्रधान र सञ्जय लामाले खिचेको फिल्म सामीप्य तिमिल्सिनाले लेखेका हुन् । ड्रिम्समा दिवाकर भट्टराई एसोसिएट डाइरेक्टरको भूमिकामा छन् ।




# डिसीको फिल्मको गीत प्रधानमन्त्रीद्वारा सार्वजनिक

निर्देशक दिनेश डिसीको निर्माण, निर्देशनमा बनेको फिल्म 'फूलैफूलको मौसम तिमीलाई'को शीर्ष गीत प्रधानमन्त्री केपी शर्मा ओलीले सार्वजनिक गरेका छन् ।



प्रधानमन्त्रीनिवास बालुवाटारमा सोमबार आयोजित कार्यक्रममा ओलीले आफू नेपाली फिल्मको स्तरोन्नतिको पक्षमा रहेको जनाउ दिंदै फूलैफूलको मौसम तिमीलाई हलमै गएर हेर्ने बताए । उनले निर्देशक डिसीलाई आफ्ना लागि १० वटा टिकट चाहिने पनि बताए । २१ फागुनमा रिलिज हुन लागेको फिल्मको सो गीत राजेशपायल राई र दीपा लामाले गाएका हुन् । रामजी लामिछानेले कोरियोग्राफी गरेको सो गीत अहिले निकै चर्चामा छ । फिल्ममा आमेश भण्डारी र नीता ढुंगाना प्रमुख छन् ।

# नेपाली पोर्नस्टार बिन्दुले अमेरिकामा जितिन् मुद्दा

'म नर्सिङ पढ्न चाहन्थें, त्यसैले उसले देखाएको आसमा लोभिएर अमेरिका आइपुगें, तर पोखराबाट अमेरिकाको मन्टोनास्थित उसको घरमा आइपुग्दा आफू फसेको शंका लागिहाल्यो,' अमेरिकी पत्रिका 'द डलास मर्निङ न्युज'ले बिन्दु परियारको पीडा समेटेर लामो फिचर तयार पारेको छ । अमेरिकी नागरिक पूर्वपति टर्मयान्डेल सेवेलसंग बिन्दु निकट हुन पुगेको कहानीदेखि बिहेको प्रसंग हुंदै त्यसपछिका सम्पूर्ण कष्ट 'स्टोरी'मा समेटिएको छ । गत वर्ष पूर्वपति सेवेलविरूद्धको मुद्दामा बिन्दुको पक्षमा फैसला भएपछि पत्रिकाले बिन्दुको जीवनका सबै पाटा खोतल्ने प्रयास गरेको छ ।

२७ वर्षीया बिन्दुले गत वर्ष ५८ वर्षीय सेवेललाई मुद्दा हालेकी थिइन् । द डलास मर्निङ न्युजका अनुसार डलास काउन्टी अदालतले बिन्दुले दर्ता गराएको मुद्दाको फैसला गर्दै सेवेललाई दोषी ठहर गरिदिएको छ । बिन्दुलाई जबर्जस्ती 'पोर्न' फिल्ममा लगाएको भन्दै अदालतले ७२ लाख ५० हजार अमेरिकी डलर (करिब ७५ करोड नेरु) क्षतिपूर्ति दिन सेवेलको नाममा आदेश गरेको छ । फैसलाको समयमा सेवेल अदालतमा उपस्थित भने थिएनन् ।

अदालतले फैसला गरेपछि पत्रिकाले विगत सम्झन अनुरोध गर्दा बिन्दुले भनेकी छिन्, 'सेवेलले सुरुमा मेरै एक नातेदारसँग बिहे गरेको थियो, त्यतिखेर म एक वर्षकी थिएं रे । मेरो परिवार गरिब थियो । उसैको प्रस्ताव र सहयोगमा मलाई बोर्डिङ स्कुल पढाइयो । हुर्कंदै गर्दा नर्स पढ्ने चाहना पलाउँदै गयो । बीचमा सेवेलले पहिली नातेदारसँग डिभोर्स गरेर मेरै परिवारकी अर्की सदस्यसंग बिहे गऱ्यो । तर, दोस्रीसंग पनि सम्बन्ध टुटायो, सन् २००८ मा । त्यसपछि मसंग नजिकिएको उसले अमेरिका आउने भए कलेज भर्ना गरिदिने आश्वासन देखायो । पढ्ने आसमा म उसकै सहयोगमा अमेरिकाको मन्टोनास्थित उसको घर पुगें ।'

सन् २०१२ मा उनीहरु मन्टोनाबाट टेक्ससस्थित डलासमा आएर बस्न थालेका थिए । बिन्दु डलासको जेन्टरमेन क्लब बबी डल्समा नाच्थिन् । एक दिन बिन्दु ग्राहकको घरमा नगएको विषयमा सेवेलले झगडा निम्त्याए । दुईबीचको विवाद प्रहरीसम्म पुगेको कागजातलाई आधार बनाउँदै पत्रिकाले लेखेको छ । अन्ततः सन् २०१२ मै बिन्दुले सेवेललाई छाडिन् । 'जब मैले उसलाई छाडें, त्यतिवेलासम्म मलाई जबर्जस्ती पोर्नस्टार बनाइसकेको थियो,' उनले पत्रिकालाई भनेकी छिन् । पत्रिकाले 'पोर्नस्टर'का नाममा बिन्दुको चर्चा भएसँगै पोखरामा रहेका परिवारले समाजबाट भोग्नुपरेको दुर्व्यवहारलाई पनि 'स्टोरी'मा समेटेको छ ।

skt/6

# एनसिसी बैंकमा अर्याल

नेपाल क्रेडिट एन्ड कमर्स (एनसिसी) बैंक लिमिटेडको व्यवस्थापनले बैंकका नायव महाप्रबन्धक रमेशराज अर्याललाई कायममुकायम प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गरेको छ ।

प्रमुख कार्यकारी अधिकृत अमृतचरण श्रेष्ठको चार वर्षको पदावधि आइतबारबाट सकिएकाले बैंकको व्यवस्थापन समितिले सोमबारबाट उनलाई सो पदमा नियुक्त गरेको बैंकले जनाएको छ । व्यवस्थापन समितिले बैंकको प्रवक्तामा सहायक महाप्रबन्धक वन्दना पाठक तथा कम्पनी सचिवमा सहायक प्रबन्धक कपिल ज्ञवालीलाई नियुक्त गरेको जनाएको छ ।

# लक्ष्मी क्यापिटलको अनलाइन डिम्याट खाता

लक्ष्मी क्यापिटल मार्केटले ग्राहक सेवालाई लक्षित गरी डिम्याट खाता विवरण अनलाइनमार्फत निःशुल्क रूपमा हेर्न सकिने सेवा सुरू गरेको छ । खातावालले अनलाइनमार्फत खातामा रहेको सेयरको हाल कायम विवरण हेर्न सक्नेछन् । त्यस्तै, प्रत्येक कम्पनीको सेयर लक्ष्मी क्यापिटलबाट ग्राहकको खातामा इन्ट्री गरी सम्बन्धित सेयर रजिस्टर कम्पनीमा पठाइसकिए पनि सम्बन्धित सेयर रजिस्टारबाट प्रमाणित हुन बाँकी सेयर विवरणसमेत हेर्न सकिने कम्पनीले जनाएको छ ।

सेवा सुचारू गर्न ग्राहकले लक्ष्मी बैंकका कुनै पनि शाखा वा लक्ष्मी क्यापिटल मार्केट नयाँबानेश्वरमा डिम्याट खाता विवरणसहित आवेदन दिनुपर्नेछ ।

# एभरेष्ट बैंक-क्लियरिङ हाउस अन्तरबैंक भुक्तानी सेवा

एभरेष्ट बैंक र नेपाल क्लियरिङ हाउसबीच अन्तरबैंक भुक्तानी सेवासम्बन्धी सम्झौता भएको छ । बैंकको प्रधान कार्यालयमा आयोजित कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत एके अहलुवालिया र नेपाल क्लियरिङ हाउसका प्रमुख कार्यकारी अधिकृत निलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका थिए । सम्झौतापछि एभरेष्ट बैंकका ग्राहकले अन्तरबैंक भुक्तानी तथा रकमान्तर सुविधा प्राप्त गर्न सक्नेछन् । एभरेष्ट बैंकले हाल ६१ शाखा, ५ एक्सटेन्सन काउन्टर, २४ राजस्व संकलन काउन्टर र ८३ एटिएममार्फत बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।

# लुम्बिनी-नेपाल इन्स्योरेन्स बैंकासुरेन्स सम्झौता

लुम्बिनी बैंक र नेपाल इन्स्योरेन्स कम्पनीबीच बैंकासुरेन्स सेवा सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका तर्फबाट प्रमुख-बजार व्यवस्थापन विभागका रितेश लामिछाने र इन्स्योरेन्सका तर्फबाट प्रमुख कार्यकारी अधिकृत चन्द्रसिंह साउदले हस्ताक्षर गरेका थिए ।

सेवाअन्तर्गत बैंकका सम्पूर्ण ग्राहकले निर्जीवन बिमा सेवा सुलभ र छरितो रूपमा सबै शाखाबाट उपभोग गर्न सक्नेछन् ।

# नबिलको ३१औं वार्षिक साधारणसभा

नबिल बैंक लिमिटेडले ३६ दशमलव ८४२ लाभांश दिने भएको छ । बैंकको सोमबार भएको ३१औं साधरणसभाले यस्तो निर्णय गरेको हो । नेपाल राष्ट्र बैंकको स्वीकृतिअनुसार नगद लाभांश ६.८४२ र ३० प्रतिशत बोनस सेयर पारित गरेको छ । बैंकका अध्यक्ष शम्भुप्रसाद पौड्यालको अध्यक्षतामा बसेको ३१औं वार्षिक साधारणसभाले बैंकको सञ्चालक समितिले सिफारिस गरेबमोजिम तथा अध्यक्ष श्री पौड्यालले बैंकको पुंजी योजनाबारे प्रकाश पार्दै नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार २०७४ सम्ममा ८ अर्ब पुंजी पुऱ्याउनुपर्ने लक्ष्यलाई बैंकको पुंजी समीक्षा वर्ष तथा चालू र आगामी आर्थिक वर्षमा हरेक वर्ष ३० प्रतिशतका दरले बोनस सेयर जारी गर्दै तोकिएको पुंजी पुऱ्याउने योजना सभासमक्ष प्रस्तुत गरे ।

साधारणसभामा आफ्नो मन्तव्य राख्दै अध्यक्ष श्री पौड्यालले भने, 'नबिल बैंकले नेपालको बैकिङ क्षेत्रलाई आधुनिकीकरण गर्न, देशको व्यावसायिक एवं औद्योगिक गतिविधिलाई गतिशीलता प्रदान गर्न, देशमा रोजगारीका अवसर सिर्जना गर्न तथा सरकारी कोषमा करमार्फत योगदान पुऱ्याउन सफल भएकोमा हामी गौरवान्वित छौं ।'

सो समारोहमा बैंकले केही वर्षदेखि गर्दै आएको सेयरधनीको सम्मान कार्यक्रमलाई निरन्तरता दिंदै बैंकका सेयरधनीहरु प्रा. जयेन्द्रमान सिंह बानिया र ठाकुरप्रसाद कोइरालालाई बैंकको व्यावसायिक सञ्चालन तथा प्रतिष्ठा वृद्धि गर्ने सम्बन्धमा दिंदै आएको सल्लाह तथा सुझावको उच्च मूल्यांकन गर्दै कदरपत्र तथा दापर्यंसल्ला ओढाई सम्मान गरियो ।

# एनएमबीको २०औं वार्षिकोत्सव

एनएमबी बैंकको २०औं वार्षिकोत्सव सम्पन्न भएको छ । वार्षिकोत्सव अवसरमा बैंकले मुलुकभरका शाखा सञ्जालमार्फत विभिन्न सामाजिक कार्य सम्पन्न गरिएको बताएको छ ।

बैंकले सिआरएसअन्तर्गत विपन्न विद्यार्थीलाई शैक्षिक सामग्री, वृद्धाश्रमलाई जाडोका लुगा, खानेपानी, खाद्यान्नलगायत सामग्री वितरण गरिएको जनाएको छ । बैंकले कृषि, सौर्यऊर्जा, साना तथा मझौला उद्यमकर्जा, रिटेल तथा अन्य विपन्न क्षेत्रमा समेत बैंकिङ सेवा पुऱ्याउंदै आएको छ । मर्जरपछि हाल बैंकका ६९ शाखा, ४५ एटिएम र ७ एक्सटेन्सन काउन्टर छन् ।

## शीर्ष नेतालाई...

समूहले प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश सुवेदी मार्फत् शीर्ष नेताहरूलाई जोडामा लगाउने पन्जा, टोपी, पछ्यौरा र पीडितहरूले रकम जम्मा गरेको खुत्रुके समेत शीर्ष नेताहरूलाई पठाएका हुन् । उनीहरूले प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपीलाई पछ्यौरा, कांग्रेस सभपाति सुशील कोइरालालाई टोपी र एमाओवादी अध्यक्ष पुष्पकमल दाहाललाई पन्जा पठाएका हुन् । भूकम्पपीडितले दिएको उपहार प्रजिअ सुवेदीले बुझ्न अस्वीकार गरेका थिए ।

भूकम्पपीडितले पूर्णरूपमा क्षति भएका पीडितहरूलाई प्रतिपरिवार दश हजारका दरले न्यानो कपडा खरिद गर्न सरकारले मंसिरमै जिल्लामा रकम पठाएपनि अहिलेसम्म पीडितले सो रकम पाउन सकेका छैनन् । ठीक त्यसैबेला धादिङका प्रमुख जिल्ला अधिकारको सरूवा, गाविस सचिवको अभाव र भौगोलिक विकटतालगायतका समस्याले गर्दा अहिलेसम्म रकम वितरण हुन सकेको छैन । न्यानो कपडा खरिद गर्न जिल्लास्थित विपद व्यवस्थान समितिले पुस ३ गते नै तत्काल रकम वितरण गर्ने निर्णय गरेपनि सो निर्णय कार्यान्वयन हुन सकेको छैन । एकातिर भूकम्पपीडितहरू हिउँदको चिसोमा कठ्यांग्रिएर मरिरहेका छन् भन अर्कोतिर केपी ओली सरकार मन्त्रालय विभाजन गर्दै मन्त्रीहरू थपिरहेको छ । एउटा मन्त्रालय थप्दा झण्डै डेढ अर्ब खर्च हुन्छ, त्यो रकमले भूकम्पमा परेको जिल्लाको भौतिक संचरना निर्माण हुनसक्छ । तर ओली भने जनताको जिउधनको भन्दा आफू नेतृत्वको सरकार जोगाउनका लागि नायँ रेकर्ड कामय गर्दै जनताप्रति उदासिन भइरहेकाले ओली स रकार पनि जनताको लागि बोझ मात्र भएको चर्चा चल्न थालेको छ ।

## राजतन्त्रको...

आन्दोलनले नेपाली एकतामा समेत ठूलो आघात पुगेको सबैले देखेका छन् । राजनीतिक बिफलताले देशलाई असफल पारिरहेको छ ।

तैपनि हाम्रा नेताहरू भन्छन् : छिटै कुरा मिल्छ, आन्दोलन टुंगिन्छ । नाकावन्दी हट्छ ।

अस्तव्यस्त भइसकेको देशको हालतको मूल्यांकन गरेर र राजनीतिभित्रको राजनीतिक तापक्रम विचार गरेरै विप्लव माओवादीका सदस्यले भनेको हुनुपर्छ : नेपालको संकटको अन्त्यका लागि सैनिक कू र राजतन्त्रको पुनर्स्थापना हुनुपर्छ ।

यो निष्कर्षको आधार नेपाली सेनाले देखाएको सक्रियतामा पनि देख्न सकिन्छ । नेपाली सेनाले पूर्व महारथीहरू, सैनिक विज्ञहरूलाई समेत राखेर देशको स्थितिको मन्थन गरिसकेका छन् भने पृतनापतिहरूको सम्मेलन पनि सम्पन्न गरिसकेको छ । यसको अर्थ नेपाली सेनाले भावी संकट देखेरै आफूलाई अप टु डेट पारेको हुनुपर्छ ।

विप्लव माओवादीको विचारमा जारी अभूतपूर्व समस्या बहुदलीय संसदीय व्यवस्थाकै परिणाम हो । बहुदलीय संसदीय व्यवस्था अव फेल भइसक्यो । समाधानका उपाय सैनिक कू र शासन र त्यसपछि राजतन्त्रको पुनर्स्थापनासँगै सामन्ती अधिनायकवाद हुनसक्छ ।

हुन त विप्लव माओवादीले विद्रोहात्मक उपायहरू पनि उल्लेख गरेका छन् तर यही विकल्पमा उनको जोड देखिन्छ । विप्लव माओवादीको फाँटबाट यस्तो विचार निस्कनु अर्थपूर्ण मानिएको छ ।

उता मधेसी मोर्चाका घायल नेता राजेन्द्र महतोले लाठी जुलुस निकाल्न लगाएका छन् र लाठी जुलुसबाट पनि मधेसले हकअधिकार नपाउने हो भने बन्दूक उठ्छ, आरपारको युद्ध लडिन्छ भनेर धमास दिएका छन् । त्यो धमासको जवाफमा प्रधानमन्त्री केपी ओलीले अधिकतम लचकताका साथ वार्ता हुन्छ, अवको वार्ता पनि सहमतिमा पुग्न सकेन भने सरकार सहेर बस्दैन । अर्थात सेना परिचालनको संकत गरेका छन् प्रधानमन्त्रीले । आन्दोलन चर्कदै गएको छ । स्थिति गम्भीर मोडतिर उन्मुख छ । हुनसक्छ विप्लव माओवादीले सुझाएको विकल्पतिरै नेपाली राजनीतिले यू टर्न लेओस् ।

## दिल्लीको...

अव तुरून्तै निर्णय आउनेछ, नेपालमा शान्ति र स्थायित्वसहितको विकास आउनेछ ।

सकेनन्, केपी ओलीले सकेनन् । नेपालका राजनीतिक पार्टीहरूले पनि सकेनन् ।आखिर भारतकै सामु लम्पसार पर्नुपऱ्यो । दिल्ली र दूतावासकै सक्रियतामा आन्दोलन समाप्त हुनेभयो । भारतले नेपालको आन्दोलन समाप्त पार्न भूमिका खेलेको र मधेसीहरूको हक अधिकार स्थापित गराइदिएको जस लिने भयो । यतिमात्र होइन, नेपालीले लगाएको भारतीय नाकावन्दीको आरोप गलत साबित गर्न भारतले मौका पायो । भारतले नाकावन्दी नेपालको आन्तरिक समस्या भनेको थियो, मधेस आन्दोलन समाप्त पारेर नाका खोल्ने भारतको रणनीति अव सफल हुनेभयो ।

प्रधानमन्त्री विराटनगर, झापातिर हल्लिन पुगेका छन् । यस अघि उनी बकम्फुसे भाषण गर्न अथवा म्यूजिक सिडी सार्वजनिकरकण गर्न गएका थिए । देश मरिरहदा, देशवासीको छटपटीमा प्रधानमन्त्री संवेदनहीन देखिने गरेका छन् । उनी मुखले आन्दोलन समाप्त हुन्छ भन्ने आश्वासन दिइरहेकै छन् । यथार्थमा मधेसी मोर्चाका एक सदस्य महन्थ ठाकुरसँग फोनवार्ता गरेबाहेक २५ दिन देखि प्रधानमन्त्रीले आन्दोलनकारी अथवा भूकम्पपीडित कसैलाई भेटेक छैनन् । बालुवाटारमा हिटर तापेर ज्यान जोगाइरहेका छन् ।

## मधेस आन्दोलन...

दबाब दिने विकल्पहरू हुँदाहुँदे नाकामा धर्ना दिएर मालसामान आयातमा अवरोध गर्नुलाई कुनै हालतमा पनि उचित मान्न सकिँदैन । पछिल्लो समयमा मधेसी मोर्चाभित्रै एकले अर्कोलाई आन्दोलनमा आफ्ना कार्यकर्ता उतार्न नसकेको भन्दै विवाद उत्पन्न हुन थालेको छ । कार्यकर्ताहरू भने अब आन्दोलनमा गए मुलुक अझ संकटमा फस्ने भन्दै आन्दोलनको स्वरूप फेर्ने आ-आफ्ना दलका नेताहरूलाई दबाब दिन थालेका हुनाले अब मधेस आन्दोलन अन्त्य हुने संकेत मिलेको छ ।

नेपालगञ्जमा मधेसी मोर्चाभित्रै विवाद उत्पन्न भएको छ भने अन्य जिल्लामा समेत त्यस्तै विवाद उत्पन्न भएको छ । नेपालगञ्जमा सद्भावना पार्टीका जिल्ला नेताहरूले तमलोपाका नेताहरूले आन्दोलनमा आफ्ना कार्यकर्ता ल्याउन नसकेको आरोप लगाएपछि त्यहाँ विवाद सिर्जना भएको हो । तराई-मधेसका समस्याका समाधानको लागि केपी ओली नेतृत्वको सरकार गम्भीर नभएको अरोप लगाउँदै मधेसी मोर्चाका कार्यकर्ताहरूले नेपालगञ्ज रूपडिहा नाकामा फेरि अवरोध गरिरहेपनि उनीहरूको अवरोधको खासै प्रभाव परेको छैन । नाकामा प्रभाव नपरेपछि सद्भावना पार्टीका जिल्ला नेताहरूले अन्य पार्टीका नेताहरूलाई कार्यकर्ताहरू नल्याएको आरोप लगाएपछि आन्दोलनरत दलहरू नै विभाजित हुन सक्ने सम्भावना बढेको र अबको केही दिन भित्रैमा मधेस आन्दोलन अन्त्य हुने विश्वास आन्दोलनरत पक्षकै कार्यकर्ताहरूले गरेका छन् । अहिले वीरगञ्जको रक्सौल नाका बाहेक अन्य सबै नाकाहरूबट इन्धन लगायत अन्य समानहरू आयात हुन थालेपनि सहज रूपमा सबै सामान नआएसम्म जनताले सास्ती भोगनु पर्ने बाध्यता भने रहेकै छ । जनताको सास्तीलाई ध्यानमा राख्दै सरकार र आन्दोलनरत पक्षले वार्ताको माध्यमबाट समस्याको समाधान खोज्नै पर्छ ।

## अख्तियार अझै...

वैशाख १२ गते गएको भूकम्पले गर्दा जनता पीडित भएका र लाखौं लाख व्यक्तिहरू अहिलेपनि पालमा बस्न बाध्य भएका बेला त्यही पाल खरिदमा समेत व्यपाक भ्रष्टाचार भएको गुनासो सुनिँदै आएको छ । अख्तियारले केही समय पहिला सुडान घोटला कान्डमा र त्यसपछि पर्यटन बोर्डमा भएको भ्रंष्टाचार कान्डमा समेत २ जना सविचसहित ५२ कर्मचारीमाथि मुद्दा दर्ता गरेर जनताको विश्वास जितेको भएपनि पछिल्लो समयमा ऊ आफैं अलमलिएको बेला सशस्त्र प्रहरीबलभित्र भएको भ्रंष्टाचार काण्डलाई बाहिर ल्याउन सकेकोमा फेरि अख्तियार जागेको जस्तो देखिएको छ । यसले जनतामा एक प्रकारको विश्वास जगाएको हुनाले अख्तियारले अब छिटोभन्दा छिटो अनुसन्धान पुरा गरेर माओवादी लडाकु शिविरमा भएको भनिएको भ्रष्टाचार र पाल खरिदमा भएको भ्रष्टाचारलगायत भूकम्पपीडितलाई वितरण गरीएको राहतमा भएको भ्रष्टाचरलाई जनता सामु ल्याउनैं पर्छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग संवैधानिक आयोग भएको हुनाले अख्तियारका प्रमुख आयुक्त लोकमानसिंह कार्कीलगायतका अन्य आयुक्तहरू राजनीतिक दलका नेताहरूसँग डराउनु पर्ने आवश्यता नै छैन । केही समय पहला अख्तियारले केही राजनीतिक दलका नेताहरूलाई अख्तियारमा उपस्थित हुन पत्र काट्दा उफ्रने नेताहरू अहिले पानीले भिजेको मुसो जस्तो भएर बसेका छन् । भ्रष्टाचार गर्ने चाहे पूर्वप्रधानमन्त्री नै किन नहुन् उसलाई कुनै हालतमा पनि उम्कन दिनुहुँदैन । गरिब नेपाली जनताले तिरेको करबाट तलबभत्ता खाएर बसेका व्यक्तिहरूले जनताले तिरेको करमाथि ब्रम्हलुट मच्चाउने अधिकार कसैलाई छैन । राजनीतिक दलका नेताहरूले भ्रष्टाचार नगरेको भए उनीहरूले डराउनु पर्ने कुनै कारण नै नभएपनि आफ्नो सक्कली अनुहार जनताले थाहापाउने डरले उनीहरू राजनीतिक संरक्षण खोज्न चाहान्छन् । त्यस्ता व्यक्तिहरूलाई कुनै दलले पनि संरक्षण नदिएको खण्डमा अख्तियारलाई कामकारबाही अघि बढाउन सजिलो हुन्छ । त्यसैले अब अख्तियारले आफ्नो काम चुस्त दुरूस्त पार्दै भ्रष्टाचारीलाई कारबाहीको दायरामा ल्याएर जनताको विश्वास जित्ने कार्य गरेमा अख्तियारलाई स्वयं जनताले स्याब्बासी दिनेछन् ।

## प्रधानमन्त्री....

नीति ऐनका रूपमा आइसक्ने सम्भावना थियो । तर त्यो काम रोक्ने सरकारले उतिखेरको सहमति विपरीत ल्याइएको विधेयक चाहिं हतारहतार संसदमा पुर्रुयाउनुले सरकारको नियत मेडिकल शिक्षामा सुधार गर्नु नभई हालसम्म भएका प्रगतिलाई पनि उल्टाउनु तथा केही व्यक्तिहरूको निहित स्वार्थ पुर्ति गर्न सघाउनु हो भन्ने देखिन्छ। प्रधानमन्त्रीको ठाडो आदेशमा मनमोहन अधिकारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी विधेयक संसदमा पेश गर्न लगाएको विषयलाई चोरबाटोबाट मेडिकल माफियागिरी चलाउन खोजेको आरोप डाक्टर केसीको छ । यथार्थ पनि यही हो । किनभने लुट्न खोलिएको कलेजलाई रातारात प्रतिष्ठान बनाइनु एमालेको षडयन्त्र देखिन्छ । आफ्नो स्वार्थ पूर्तिका लागि एमालेले आफ्ना प्रभावका एक डाक्टरलाई मेडिकल काउन्सिलको प्रमुख बनाइसकेको छ । यसलाई चिर्न डा.केसीले तत्काल मेडिकल शिक्षाको सबै निर्णय गर्ने चिकित्सा शिक्षा आयोग बनाउन माग गरेका छन् ।

डा.केसीले आमजनतासम्म मेडिकल शिक्षा पुऱ्याउने आफ्नो अभियान जारी रहेको, सहयोग गर्न अपील गर्दै फेरि आमरण अनसन बस्न सकिने संकेत गरेका छन् । तर मनमोहन मेडिकल कलेजका प्रमुख सभासद राजेन्द्र पाण्डे सिधै भन्छन् : एउटा गोविन्द केसी मरे पनि केही हुन्न । त्रिविबाट सम्बन्धन लिइन्छ, कुनै हालतमा मेडिकल कलेज चलाइन्छ ।

एमाले सरकारमा छ, उसले जनताको विपतमा त तमासे भएर बसेको छ भने यस्तो संवेदनहीन सरकारले आफ्नै पार्टीका नेताहरूले मुनाफाका लागि चलाएको कलेजलाई मान्यता नदेला भन्न सकिन्न ।

## सत्ता छोड...

छ । समाचार अनुसार अहिलेसम्म दुई दर्जनभन्दा बढी भूकम्पपीडितहरूको ठण्डीका कारण निधन भइसकेको छ । यसरी मृत्यु हुनेमा चार महिने बालकदेखि वृद्धवृद्धासम्म छन् ।

त, अब यो सरकारलाई यसरी कतिन्जेल थामिरने ? देशको सुरक्षाको कुरा गर्ने हो भने त, त्यो अझ कहाली लाग्दो छ । पृथकतावादी आन्दोलन चलाइरहेका डा.सिके राउतले मधेस छुट्टै राष्ट्र हुनुपर्छ भनेर नेपालको तराई मधेसमा जनमत बुझ्ने (?) काम गरिरहेका छन् । अरू तअरू वर्तमान संविधानलाई मानेर संसदमा भाग समेत लिइसकेको र मधेसी मोर्चामा आवद्ध तमलोपा भन्ने पार्टीका अध्यक्ष महन्थ ठाकुरले 'मधेस छुट्टै राष्ट्र हो, यसका लागि सबै क्राइटेरिया पगिसेकको छ' भनेर बताएको कुरा सबै अनलाइन खबरहरूमा आइसकेको हो । यसरी खुलेआम देश टुक्राउने कुरा गर्दा पनि कुनै अभियोग दायर गर्न सक्दैन-सरकार । सर्वत्र बेथिति छ । चीनबाट इन्धनलगायतका अन्य अत्यावश्यक सामानहरू खरिद गर्ने सम्झौता अहिलेसम्म हुन सकेन । अब निकट भविष्यमा यिनै केपी ओलीको चीन भ्रमणका अवसरमा त्यो सम्झौता हुने भनेर बताइँदैछ । यसरी सबैतिर फेल भइसकेको ओली सरकारले देश र जनताको भलाइ र आफ्नै पार्टी नेकपा एमालेको भलाइका लागि पनि अब सत्ताबाट बाहिरिनु बुद्धिमानी हुने देखिन्छ । कसो ?









सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार